राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदबाट मिति २०८० बैशाख २० मा स्वीकृत

# अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप

# Non-Formal Education National Curriculum Framework

## तह १-४


नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

# हाम्रो भनाइ

सिकाइ निरन्तर चलिरहने प्रक्रिया हो । औपचारिक र अनौपचारिक तथा आजीवन सिकाइबाट मानवका लागि आवश्यक अभिवृत्ति, सिप, ज्ञान, मूल्य र तत्परता हासिल हुन्छ । सिकाइको अवसरलाई व्यक्तिको जीवनभरका लागि व्यवस्थित गर्न आवश्यक हुन्छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको आवश्यकता पर्छ । नेपालको संविधानले प्रत्येक नागरिकका लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क हुने मौलिक हकको व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, अभिभावक शिक्षा, सामुदायिक सिकाइ केन्द्र व्यवस्थापनसम्बन्धी कार्य स्थानीय तहमार्फत हुने व्यवस्था गरेको छ । संवैधानिक रूपमा स्थापित भएको मौलिक हक कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी  ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ को व्यवस्था गरिएको छ ।

नेपालले अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका प्रतिबद्धता पूरा गर्न अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइका व्यवस्था अपरिहार्य हुन्छ । यी सिकाइमार्फत सिकेका ज्ञान तथा सिपलाई आयमूलक कार्यक्रमसँग आबद्ध गरी आजीवन सिकाइलाई सुनिश्चित गर्ने रणनीति अवलम्बन गरिएको छ । त्यसै गरी दिगो विकास लक्ष्यले सन् २०३० सम्म सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्धन गर्ने लक्ष्य राखेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका र औपचारिक विद्यालय शिक्षामा समावेश हुन इच्छुक व्यक्तिलाई उनीहरूको शैक्षिक अवस्थाको प्रमाणीकरणका आधारमा औपचारिक शिक्षामा प्रवेशको अवसर खुला गर्ने, सिकारुको पूर्व अनुभवलाई समेटी पाठ्यक्रमलाई लचिलो बनाउने प्रावधान राखेको छ । व्यक्तिको अभिवृत्ति, ज्ञान, सिप, मूल्य र तत्परता पहिचान, वर्गीकरण र विकासका लागि आवश्यक उपकरण तथा प्रणालीको विकास गर्नुपर्ने हुन्छ । निश्चित ढाँचा वा पद्धतिमा सीमित नभई मानव जीवनका विभिन्न पक्षमा हुने स्वभोगाइ र अवसरबाट प्राप्त हुने सिकाइको सक्षमता परीक्षण एवम् सहजीकरण गर्नका लागि अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको विकास गरिएको हो ।

यो प्रारूप विकासका लागि कार्यान्वयन संयोजन समिति गठन तथा सहजीकरण, कार्यदल गठन र प्रारम्भिक खाका तयार, खाकामाथि  विषय विज्ञ, सरोकारवाला, नीति निर्माता, शिक्षक, अभिभावक, विद्यार्थी तथा उद्योगपतिसँग विभिन्न चरणमा पृष्ठपोषण लिइएको थियो । यस प्रक्रियामा सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति तथा सम्बद्ध सङ्घसंस्थालगायत सबैमा केन्द्र हार्दिक धन्यवाद दिन्छ ।

चूडामणि पौडेल
महानिर्देशक

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ नं. |
|---|---|---|
| | परिच्छेद एक: प्रारम्भिक | १–१३ |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुपका उद्देश्य | २ |
| १.३ | औचित्य र आधार | ४ |
| १.४ | राष्ट्रिय योग्यता प्रारुप २०७७ | ९ |
| १.५ | प्रारुप विकास प्रक्रिया | ११ |
| | परिच्छेद दुई: अनौपचारिक शिक्षा पाठ्यक्रम प्रारुप | १४–१४८ |
| २.१ | पाठ्यक्रम विकास सिकाइ सहजीकरण सिद्धान्त | १४ |
| २.२ | शिक्षाको राष्ट्रिय उद्देश्य | १७ |
| २.३ | अनौपचारिक शिक्षा पाठ्यक्रम संरचना | १९ |
| २.४ | सिकाइ क्षेत्र | २३ |
| २.५ | सिकाइ सक्षमता | २४ |
| २.६ | सिकाइ उपलब्धिको विस्तृतीकरण | ३० |
| २.७ | सिकाइ विधि तथा प्रक्रिया | ५८ |
| २.८ | मूल्याङ्कन | ६१ |
| २.९ | मूल्याङ्कन तथा प्रमाणिकरण पद्धति | १४७ |
| २.१० | कार्यान्वयन प्रक्रिया तथा संयन्त्र | १४८ |

,

# परिच्छेद : एक

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

सिकाइ मानव जीवनमा निरन्तर चलिरहने प्रक्रिया हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर पनि सिकाइ हुने गर्छ । मानव जीवनका लागि आवश्यक अभिवृत्ति, सिप, ज्ञान मूल्य र तत्परता विकास गर्न आजीवन सिकाइ गर्नु पर्छ । यसका लागि व्यवस्थित गरिएको प्रणालीगत व्यवस्थालाई अनौपचारिक शिक्षा भनिन्छ । व्यक्तिको जीवनभरका लागि निरन्तर रूपमा सिकाइको अवसरहरू वृद्धि गर्न आवश्यक छ । यसरी आजीवन सिकाइका लागि औपचारिक शिक्षाको जस्तो तोकिएको निश्चित ढाँचा वा पद्धतिमा सीमित गर्नु हुँदैन ।

नेपालको संविधानले प्रत्येक नागरिकका लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने गरी मौलिक हकको व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यमिक शिक्षासहित अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, अभिभावक शिक्षा, सामुदायिक सिकाइ नीति आदिको व्यवस्थापन स्थानीय तहमार्फत् हुने व्यवस्था गरेको छ । संवैधानिक रूपमा स्थापित भएको मौलिक हक कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र नियमावली, २०७७ लगायतको कानुनी व्यवस्था स्थापित भएको छ ।

चालु पन्ध्रौं पञ्चवर्षीय योजना २०७६/०७७-२०८०/०८१ ले अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइमार्फत् सिकेका ज्ञान तथा सिपलाई आयमूलक कार्यक्रमसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्ने रणनीति अवलम्बन गरेको छ । त्यस्तै दिगो विकास लक्ष्यले सन २०३० सम्म सबैका लागि समावेशी

,

तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्धन गर्ने लक्ष्य राखेको छ ।

हालै मात्र कार्यान्वयनमा आएको विद्यालय शिक्षा क्षेत्र योजना सन् २०२१-२०३० ले पनि आजीवन सिकाइ तथा सक्षमता परीक्षणका सम्बन्धमा थप व्यवस्था गरेको छ । साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने, विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रवन्ध गर्ने कार्यलाई चुनौतीका रूपमा लिई यसको सम्बोधन गर्न सबै नागरिकका लागि साक्षरता शिक्षा, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर गराउने उद्देश्य तय गरेको छ ।

मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गर्ने र आजीवन सिकाइको व्यवस्थापन गर्ने कार्य अनौपचारिक शिक्षा प्रणालीबाट गरिन्छ ।

साविकको अनौपचारिक शिक्षा केन्द्रको समन्वयमा सामुदायिक सिकाइ केन्द्रमार्फत् साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा, महिला शिक्षा, आयआर्जन कार्यक्रमलगायतका विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका थिए । यसबाट निरक्षर एवम् नवसाक्षर प्रौढहरूलाई ज्ञान, सिप र क्षमता विकासको अवसर प्रदान हुँदै आइरहेकामा हाल उक्त कार्यहरू स्थानीय तहबाट सम्पादन हुने व्यवस्था भएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका व्यक्तिहरूका लागि लक्षित पाठ्यक्रमसम्बन्धी व्यवस्था

,

गर्न मार्ग प्रशस्त गरेको छ ।यसले अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका र औपचारिक विद्यालय शिक्षामा समावेश हुन इच्छुक व्यक्तिलाई उनीहरूको शैक्षिक अवस्थाको प्रमाणीकरणका आधारमा औपचारिक शिक्षामा प्रवेशको अवसर खुला गर्ने, सिकारुको पूर्व अनुभवलाई समेटी पाठ्यक्रमलाई लचिलो बनाउने प्रावधान राखेको छ । यस प्राबधानले अनौपचारिक तथा आजीवन सिकाइका लागि निश्चित कार्यढाँचा तयार गर्न पर्ने अवस्थालाई औल्याएको छ ।

व्यक्तिको ज्ञान, सिप र क्षमतालाई पहिचान, वर्गीकरण र विकासका लागि आवश्यक उपकरण तथा प्रणालीको विकास गर्नुपर्ने हुन्छ । निश्चित ढाँचा वा पद्धतिमा सीमित नभई मानव जीवनका विभिन्न पक्षमा हुने स्वभोगाइ र अन्य विभिन्न अवसरहरूबाट प्राप्त हुने सिकाइको सक्षमता मापन, समकक्षता परीक्षण एवम् सहजीकरण गर्नका लागि अनौपचारिक शिक्षा तथा आजीवन सिप विकास अत्यावश्यक हुन्छ ।

## १.२ अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपका उद्देश्य

यस प्रारूपका उद्देश्य निम्नानुसार रहेका छन् :

(क) अनौपचारिक विधि तथा प्रक्रिया अवलम्बन गरी लचकताका साथ शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु

(ख) वैकल्पिक रूपमा हासिल गरेका ज्ञान, सिप तथा दक्षता परीक्षण गरी समकक्षता प्रदान गर्नु

,

(ग) विभिन्न कारणबाट औपचारिक शिक्षाको शैक्षिक अवसरबाट वञ्चित नागरिकलाई सहज शैक्षिक अवसर प्रदान गरी प्रमाणीकरणको अभावमा हुने शैक्षिक विभेदको अवस्थालाई अन्त्य गर्नु

(घ) अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षा वा प्राविधिक शिक्षा र औपचारिक शिक्षाबाट अनौपचारिक शिक्षामा प्रवेशको अवसर खुला गर्नु

(ङ) निरन्तर सिकाइ तथा वृद्धि विकासका लागि अत्यावश्यक ज्ञान तथा सिप प्रदान गरी व्यक्तिको गुणस्तरीय जीवन यापनमा सहयोग गर्नु

(च) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रममा एकरूपता तथा वैधता कायम गरी निरन्तर रूपमा शिक्षा तथा सिप विकासका अवसर अभिवृद्धि गर्नु

## १.३. औचित्य र आधार

**"समृद्ध नेपाल सुखी नेपाली"** को साझा राष्ट्रिय आकाङ्क्षा तथा नागरिकको शिक्षा पाउने संवैधानिक अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो । दिगो विकास लक्ष्य प्राप्ति, मानव अधिकार तथा बाल अधिकारलगायतका अन्य अधिकारमा आधारित अन्तर्राष्ट्रिय महासन्धि तथा अभिसन्धिमा नेपालले जनाएका प्रतिबद्धता पूरा गर्नुपर्ने अवस्था रहेको छ । यसका लागि औपचारिक, अनौपचारिक तथा आजीवन सिकाइलाई थप व्यवस्थित गर्नुपर्ने हुन्छ ।

हालसम्म नेपालमा औपचारिक शिक्षाबाट प्राप्त ज्ञान, सिप र क्षमतालाई पहिचान र प्रमाणीकरण गर्ने व्यवस्था गरिएको छ । औपचारिक शिक्षाको संरचनाभन्दा बाहिर अनौपचारिक शिक्षा एवम् आफ्ना पेसा व्यवसायजन्य अनुभव तथा स्वआर्जित ज्ञानबाट व्यक्तिले सिकेका ज्ञान, सिप र क्षमतालाई पहिचान तथा प्रमाणीकरणको व्यवस्था संस्थागत भइनसकेको अवस्था छ । यसबाट नेपाली

,

नागरिकहरू स्वदेश तथा विदेशको श्रम बजारमा उचित सम्मान र अवसरबाट वञ्चित हुनुपरेको छ । अनौपचारिक ढाँचाबाट सिकाइ प्रक्रियामा सहभागी बन्न चाहने सिकारुलाई उमेर, रुचि, सक्षमता र अवस्थाअनुकूलको सिकाइ अवसर प्रदान गर्न र कुनै पनि तरिकाबाट आर्जित ज्ञान, सिप र क्षमता निश्चित विधि र पद्धतिका आधारमा प्रमाणीकरण गर्न यो अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरिएको छ ।

विद्यमान विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ बाट नसमेटिएका अनौपचारिक एवम् आजीवन सिकाइका पक्ष र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मूल्य मान्यता र अभ्याससमेतलाई आधार मानी यो प्रारूप विकास गरिएको छ । विद्यमान कानुन एवम् नीतिले परिभाषित गरेका तह एकदेखि तह पाँचसम्मका सिकारुले हासिल गरेका सिकाइ (अभिवृत्ति, सिप, ज्ञान मूल्य र तत्परता) प्रमाणीकरण गर्ने सम्बन्धमा यो प्रारूप विकास गरिएको छ । यसको औचित्य र आधार देहायबमोजिम छन् :

(क) **संवैधानिक व्यवस्थाः** नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा परिभाषित गरेको छ । आधारभूत शिक्षामा सबै नागरिकको पहुँचको विस्तार, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहको शिक्षा निःशुल्क, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक सुनिश्चित गरेको छ । यसका लागि औपचारिक शिक्षा हासिल गर्न नसकेका सिकारुले अनौपचारिक तथा आजीवन सिकाइका माध्यमबाट शिक्षा प्राप्त गर्ने अवसरको व्यवस्था गर्नु अत्यावश्यक भएको छ ।

’

(ख) **अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को व्यवस्थाः** अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले संविधान प्रदत्त शैक्षिक अधिकार सुनिश्चित गर्ने कानुनी प्रबन्ध गरेको छ । तोकिएबमोजिमको परीक्षामा सहभागी भई प्रमाणपत्र पाउन वैकल्पिक र अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्नुपर्ने कानुनी व्यवस्था गरिएको छ । यस कानुनी व्यवस्थाका लागि अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयनमा ल्याउनु आवश्यक छ।

(ग) राष्ट्रिय **शिक्षा नीति, २०७६:** राष्ट्रिय **शिक्षा नीति**मा औपचारिक (Formal), अनौपचारिक (Non-Formal), र अरीतिक (Informal) शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता (Equivalency), गतिशीलता (Mobility) र पारगम्यता (Premeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्ने उद्देश्य लिएको छ । उक्त उद्देश्य प्राप्तिका लागि पनि अनौपचारिक, खुला र परम्परागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आबद्ध गरी औपचारिक विद्यालय शिक्षाको समकक्षी बनाउने नीति लिइएको छ । नीति कार्यान्वयनका लागि साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेसा एवम् व्यावसाय, सामाजिक जीवन र सहभागितासँग आबद्ध गर्ने, राष्ट्रिय योग्यता प्रारूपका आधारमा सिकाइ सञ्चिति (Credit Banking) र सिकाइ सारण (Credit Transfer) को प्रणाली लागु गर्ने र औपचारिक तथा अनौपचारिक रूपमा प्राप्त गरेको सिपको परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने रणनीति तय गरिएको छ ।

(घ) **पन्धौं योजनाः** सिकाइका सबै विधि र मार्गहरू खुला गर्दै राष्ट्रिय योग्यता प्रणालीको माध्यमबाट साधारण शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक

,

सिप विकासका गतिशीलता र पारगम्यताको सिद्धान्तका आधारमा शिक्षा, तालिम, सिप र सिकाइको योग्यता निर्धारण गर्ने रणनीति तय गरिएको छ । रणनीति कार्यान्वयनका लागि औपचारिक, अनौपचारिक र अरीतिक माध्यमबाट सिकाइ सुनिश्चित गर्ने गरी सिकाइका सबै विधि र मार्ग खुला गर्न राष्ट्रिय योग्यता प्रणाली विकास गरी अनौपचारिक क्षेत्रमा विद्यमान सिपको अभिलेखीकरण, सिप परीक्षण र प्रमाणीकरणका लागि कार्यविधि, प्रक्रिया र संयन्त्र सुदृढ गर्ने व्यवस्था गरिएको छ ।

(ङ) **राष्ट्रिय योग्यता प्रारूपको मूल ढाँचा, २०७७:** नेपाल सरकारले राष्ट्रिय योग्यता प्रारूपको मूल ढाँचा स्वीकृत गरेको छ भने ढाँचा कार्यान्वयका लागि राष्ट्रिय योग्यता प्रारूप विकास भइरहेको छ । मूल ढाँचाले समग्र शिक्षाको योग्यता प्रणालीलाई आठ तहमा विभाजन गरी विद्यालय शिक्षालाई पाँच तहमा व्यवस्थित गरेको छ । त्यसै गरी पूर्व सिकाइलाई प्रमाणीकरण गरी औपचारिक शिक्षामा समेत प्रवेश गर्न सकिने प्रावधान राखेको छ । यस परिप्रेक्ष्यमा अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, राष्ट्रिय योग्यता प्रारूपको मूल ढाँचाको कार्यान्वयनको एउटा अभिन्न अङ्ग हुने भएकाले यसको विकास तथा कार्यान्वयन अपरिहार्य छ ।

(च) **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६**: अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रामाणीकरण हुन नसकेका र औपचारिक विद्यालय शिक्षामा समावेश हुन इच्छुक व्यक्तिलाई उनीहरूको शैक्षिक अवस्थाको प्रमाणीकरण गरी निर्दिष्ट औपचारिक शिक्षाभित्रको कक्षामा प्रवेश गर्न पाउने अवसर खुला गरिने नीति राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेको छ । त्यसै गरी विविध कारणबाट शैक्षिक अवसर प्राप्त गर्न नसकेका विद्यालय उमेर समूहका बालबालिकाहरूलाई खुला

,

शिक्षाको व्यवस्था गरी औपचारिक शिक्षासरहकै विद्यालय शिक्षा लिन पाउने संस्थागत विकास गर्न सकिने प्राबधान रहेको छ । साथै शिक्षा सञ्चालनका लागि विषयगत पाठ्यक्रमलाई निर्दिष्ट उद्देश्य तथा सिकाइ उपलब्धि हासिल हुने गरी विद्यार्थीको उमेर र पूर्व अनुभवसमेत समेटी लचिलो (Flexible) बनाउन सकिने नीतिगत व्यवस्था रहेको छ । यस परिवेशमा अनौपचारिक तथा आजीवन सिकाइका कार्यक्रमलाई योजनाबद्ध ढङ्गबाट सञ्चालन गरिने नीतिगत व्यवस्था कार्यान्वयन गर्न अत्यावश्यक हुन आएको छ । यसका लागि अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास तथा कार्यान्वयन अपरिहार्य हुन बन्न पुगेको अवस्था छ ।

(छ) **विद्यालय शिक्षा क्षेत्र योजना (२०२१-२०३०):** विद्यालय शिक्षा क्षेत्र योजनाले सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइको अवसर उपलब्ध गराउने उद्देश्य लिएको छ । यो उद्देश्य प्राप्तिका लागि योजनाले अनौपचारिक शिक्षाको पुनर्परिभाषासहित औपचारिक र अनौपचारिक शिक्षाबिचको अन्तरसम्बन्ध विस्तार तथा अनौपचारिक शिक्षाको माध्यमबाट दिगो सामुदायिक विकास प्रवर्धन गरिने रणनीति तय गरेको छ । यसरी तय भएको उद्देश्य तथा रणनीतिका आधारमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई थप व्यवस्थित गर्न जरुरी भएको र यसका लागि अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको महत्त्वपूर्ण योगदान रहन्छ ।

(ज) **दिगो विकास लक्ष्य:** समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसर प्रवर्धन गर्ने उद्देश्यका साथ दिगो विकास लक्ष्य (४) अभियान प्रारम्भ भएको छ । अनौपचारिक तथा

,

आजीवन सिकाइका सन्दर्भमा दिगो विकास लक्ष्यले परिमाणात्मक लक्ष्यसमेत तय गरेको छ । सबै युवा, ९८ प्रतिशत वयस्क पुरुष र महिलाले साक्षरता र साङ्ख्यिक ज्ञान हासिल गर्ने परिमाणात्मक लक्ष्य रहेको छ । यस सन्दर्भमा अनौपचारिक शिक्षाको विकास तथा विस्तार जरूरी भएको हुन आएको छ।

(झ) **साक्षर नेपाल अभियानः** नेपाल सरकारले नेपाललाई साक्षर मुलुक बनाउने अभियानको प्रारम्भ गरी अनौपचारिक शिक्षा तथा वैकल्पिक शैक्षिक कार्यक्रम र सामुदायिक सिकाइ केन्द्रमा आधारित आजीवन सिकाइका अवसरको विकास गर्दै आएको छ । सिकारुमा निरन्तर सिप विकासका अवसर प्रदान गर्न अनौपचारिक तथा आजीवन सिकाइका लागि निश्चित कार्य ढाँचा अत्यावश्यक हुन आएको छ ।

## १.४ राष्ट्रिय योग्यता प्रारूप २०७७

नेपाल सरकारले मिति २०७७।१।२१ मा राष्ट्रिय योग्यता प्रारूपको मूल ढाँचा स्वीकृत गरेको छ । नेपाल सरकारबाट स्वीकृत प्रारूपको मूल ढाँचा यसप्रकार रहेको छ ।

,




राष्ट्रिय योग्यता प्रारूपले नेपालको शैक्षिक योग्यताको स्तरलाई आठ तहमा वर्गीकरण गरेको छ । जस अन्तर्गत आधारभूत शिक्षालाई तीन तह (तह एक, तह दुई र तह तीन) र माध्यमिक शिक्षालाई दुई तह (तह चार र तह पाँच) मा गरी समग्र विद्यालय शिक्षालाई पाँच तहमा व्यवस्थित गरिएको छ । यसमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित सक्षमता (Recognition of Prior Learning) को पहिचान तथा प्रमाणीकरण गरी अनौपचारिक, प्राविधिक र औपचारिक शिक्षाबिच गतिशीलता र पारगम्यताको अवसर प्रदान गरिने व्यवस्था गरिएको छ ।

,

## १.५ प्रारूप विकास प्रक्रिया

अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास गर्न विषय विज्ञ, सरोकारवाला, नीति निर्माता, शिक्षक, अभिभावक, विद्यार्थी तथा उद्योगपतिसँग विभिन्न चरणमा पृष्ठपोषण लिइएको थियो । यसरी सहभागितामूलक प्रक्रिया अवलम्बन गरी प्रारूप विकास गरिएको हो । केही महत्त्वपूर्ण प्रक्रिया देहायबमोजिम रहेका छन् :

(क) **कार्यान्वयन संयोजन समितिः** नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/११/१३ को मन्त्रीस्तरीय निर्णयअनुसार अनौपचारिक शिक्षातर्फको राष्ट्रिय योग्यता प्रारूप विकासका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशकको संयोजकत्वमा कार्यान्वयन संयोजन समितिको गठन भएको थियो । यस समितिले अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको विकास कार्यका लागि कार्यदल गठन गरी कार्य जिम्मेवारी प्रदान गरेको थियो ।

(ख) **कार्यदल गठनः** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ पाठ्यक्रम प्रारूपको खाका तयार गर्न विज्ञहरूको कार्यदल गठन गरी कार्य जिम्मेवारी प्रदान गरिएको थियो । यो कार्यदलले विद्यमान पाठ्यक्रमले तय गरेका तहगत सक्षमता, विषयगत सिकाइ उपलब्धि, मूल्याङ्कनका आधार, पाठ्यभार तथा शिक्षण सिकाइ क्रियाकलापसमेतको विश्लेषण गरेको थियो । विश्लेषणका आधारमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका क्षेत्र, सक्षमता, सिकाइ उपलब्धि, सम्भाव्य विषयवस्तुसहितको प्रारम्भिक खाका तयार गरेको थियो ।

(ग) **कार्यशालाः** विभिन्न चरणमा प्रारम्भिक खाकाका सम्बन्धमा कार्यशाला सञ्चालन गरिएका थिए । यस्ता कार्यशालालाई शिक्षक समूह, अभ्यासकर्ताको

,

समूह, सिकारुको समूह, नीतिनिर्माण तहमा कार्यरत पदाधिकारीहरूको समूह, गैर सरकारी सङ्घसंस्थामा कार्यगर्ने व्यक्तिहरूको समूह लगायतका विभिन्न समूहहरूमा विभाजन गरी पटक पटक सञ्चालन गरी अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपमा माथि छलफल तथा आवश्यक पृष्ठपोषण लिइएको थियो । कार्यदलले प्राप्त सुझावलाई खाकामा समावेश गरी आवश्यक परिमार्जन गरेको थियो ।

(घ) **नीति निर्माता र विज्ञसँगको अन्तर्क्रियाः** विभिन्न चरणमा सञ्चालित कार्यशालाबाट प्राप्त पृष्ठपोषणका आधारमा तयार भएको अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपमाथि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरूमा कार्यरत नीति निर्माता र सम्बन्धित विषयका विज्ञबिच छलफल तथा अन्तर्क्रिया सम्पन्न गरी आवश्यक पृष्ठपोषण लिने कार्य सम्पन्न गरिएको थियो । यसबाट मूलतः यसको कार्यान्वयन पक्ष, प्राविधिक पक्ष, मूल्याङ्कनका आधार, राष्ट्रिय योग्यता प्रारूपसँगको तादात्म्य प्रचलित कानुनसँगको तालमेललगायतका पक्षहरूमा आवश्यक पृष्ठपोषण लिने कार्य गरी प्रारूपलाई बढी सान्दर्भिक तथा व्यावहारिक बनाउने कार्य सम्पन्न गरिएको थियो ।

(ङ) **परीक्षणः** अनौपचारिक शिक्षा पाठ्यक्रम प्रारूपअनुसार तह एकदेखि तह चारसम्मका पाठ्यक्रमका सक्षमता विषयवस्तुलगायतका पक्ष केन्द्रित भई परीक्षण कार्य सम्पन्न गरिएको थियो । यसका लागि सिकाइ सामग्रीको मस्यौदा तयार गरी विभिन्न स्थानीय तहमा परीक्षणमा लगिएको थियो । परीक्षणबाट प्राप्त सुझावका आधारमा अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपमा भएका सक्षमता, सिकाइ विधि तथा प्रक्रिया, मूल्याङ्कनका

,

आधारलगायतका समग्र विषयवस्तुलाई थप परिमार्जन तथा सुधार गरिएको थियो ।

**(च) कार्यान्वयन संयोजन समितिमा छलफल तथा पुनरवलोकनः**

परीक्षणपश्चात् परिमार्जन गरिएको प्रारूपका सम्बन्धमा अन्तिम पृष्ठपोषण लिन र प्रारूपलाई अन्तिम रूप दिन कार्यान्वयन संयोजन समितिमा छलफल गरिएको थियो । छलफलमा सम्बद्ध मन्त्रालय, शिक्षाविद्, गैरसरकारी सङ्घसंस्था, पेसागत सङ्घसंस्था, नागरिक समाजका प्रतिनिधि, अधिकारकर्मी, सञ्चारकर्मी, विकास साझेदारलगायतका पक्षको सहभागिता थियो । छलफलका क्रममा प्राप्त सुझाव समावेश गरी प्रारूपलाई अन्तिम रूप दिइएको थियो ।

(छ) **राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृतिः** उल्लिखित प्रक्रिया पूरा गरी विकास गरिएको अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट मिति २०८०।०१।२० मा स्वीकृत भएको थियो ।

,

## परिच्छेद : दुई
## अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप

यस परिच्छेदमा अनौपचारिक शिक्षाको सिकाइ क्षेत्र, तहगत सक्षमता, सिकाइ उपलब्धि, विषयवस्तु, सिकाइ विधि तथा सहजीकरण प्रक्रिया तथा सिकाइको मूल्याङ्कनका आधार तयार गर्दा अवलम्बन गर्नुपर्ने सिद्धान्त प्रस्तुत गरिएको छ ।

### २.१ पाठ्यक्रम विकास सिकाइ सहजीकरण सिद्धान्तः

(क) **लचकताः** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लचकतामा आधारित हुने छ । विषयवस्तुको निर्धारण, सिकाइ समय र स्थान, सिकाइका विधि र सिकाइको मूल्याङ्कनमा लचकता प्रदान गरी सिकारुको इच्छाअनुसार सिक्ने अवसर प्रदान गरिने छ ।

(ख) **आजीवन सिकाइः** पाठ्यक्रमले सिकारुलाई आजीवन तथा निरन्तर सिकाइका लागि अवसर प्रदान गर्ने छ ।यसका लागि सामुदायिक सिकाइ केन्द्र, सामुदायिक पुस्तकालय, वाचनालय, धार्मिक स्थल, सामुदायिक सूचना केन्द्र, समीक्षालय, उद्यान, सङ्ग्रहालय, कार्यस्थल आदिबाट सिक्ने अवसर प्रदान गरिने छ । स्थानीय तहमा पेसा, व्यवसाय, परम्परागत सिप र संस्कार, सामाजिक सांस्कृतिक कार्यलगायतका माध्यमबाट आजीवन सिकाइका लागि प्रोत्साहन गरिने छ ।

(ग) **सान्दर्भिकताः** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सिकारुको चाहना र आवश्यकतामा आधारित हुने छ । सक्षमता विकास, सिकाइ सामग्री विकास

,

तथा मूल्याङ्कनका साधन निर्माणमा सिकारुको चाहना र आवश्यकता सुनिश्चित गरी पाठ्यक्रमलाई सान्दर्भिक बनाइने छ ।

(घ) **अनुभवमा आधारित सिकाइः** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई अनुभवमा आधारित गरिने छ । सिकाइ प्रक्रियामा सिकारुका अनुभवलाई आधार बनाई अभ्यास गरेर सिक्ने अवसर प्रदान गरिने छ ।

(ङ) **सक्रिय सिकाइः** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा सक्रिय सिकाइ सिद्धान्त अवलम्बन गरिने छ । विषय वस्तु छनोट, सिकाइ क्रियाकलाप छनोट तथा सिकाइ प्रक्रियामा सिकारु सक्रिय हुने सिद्धान्तलाई अनुसरण गरिने छ । विषयवस्तुको उपयोग, सिकाइ कार्यकलापमा सहभागिता, सञ्चार माध्यमको उपयोग, स्वसिकाइ र सहकार्यात्मक सिकाइमा सिकारुको सक्रियताका लागि प्रोत्साहन गरिने छ ।

(च) **विविधताः** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ विधिमा विविधता प्रदान गरिने छ । यसका लागि सिकारुको स्वगति, सिकाइ चाहना र अनुभवमा आधारित सिकाइ रणनीति प्रयोग गरिने छ ।

(छ) **सामाजिक समावेशिताः** समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता र आजीवन सिकाइका अवसर प्रवर्धनका लागि सामाजिक समावेशिता सिद्धान्त अवलम्बन गरिने छ । यसका लागि लैङ्गिक, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्तिलगायत सबैको सिकाइ अवसर सुनिश्चित गर्ने गरी पाठ्यक्रम विकास तथा कार्यान्वयन गरिने छ ।

(ज) **मूल्यमा आधारितः** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको पाठ्यक्रम र सिकाइ सामग्री मूल्यमा आधारित हुने छन् । वैयक्तिक तथा अन्तरवैयक्तिक सञ्चार, सामाजिक अन्तर्क्रिया, सामाजिक सांस्कृतिक मूल्य मान्यता,

,

प्रजातान्त्रिक आचरण, मानव अधिकारको प्राप्ति, नेपाली वैशिष्ट्य तथा कला कौशलप्रति सम्मान, इमानदारी तथा जवाफदेही संस्कार जस्ता विशिष्ट मूल्य तथा मान्यतामा आधारित सिद्धान्तका आधारमा पाठ्यक्रम र सिकाइ सामग्री व्यवस्थित गरिने छ ।

(झ) **श्रममा आधारित सिकाइः** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइला श्रम र रोजगारीसँग आबद्ध गरिने छ ।सिकेको सिपको अभ्यास गर्न, कार्यस्थलमा सिक्न, सिकाइलाई सिपसँग र सिपलाई रोजगारीसँग जोड्ने गरी सिकाइको गुणस्तरीयता कायम गरिने छ ।

(ञ) **परिवेश अनुकूलता/स्थानीयकरणः** अनौपचारिक शिक्षाको सिकाइले परिवेश अनुकूलता वा स्थानीयकरणको पर्याप्त अवसर प्रदान गर्ने सिद्धान्त अवलम्बन गरिने छ । स्थान विशेषका आधारमा हुने सिकाइ, सामाजिक, सांस्कृतिक भौगोलिक परिवेश अनुसार हुने सिकाइलाई मान्यता प्रदान गरिने छ ।

(ट) सिकाइ सञ्चिति र सिकाइ सारणः अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि सिकारुको ज्ञान सिप तथा दक्षता परीक्षण गरी हासिल गरेको सिकाइ उपलब्धिको प्राप्त भारलाई सञ्चित गरिने छ । यसबाट सिकारुले बाकी सक्षमताको मात्र सिकाइ गरी सिकाइ उपलब्धि हासिल गर्ने अवसर प्राप्त गर्ने छन् । सिकाइ उपलब्धिको प्राप्त भारलाई थप सिकाइमा सारण गरिने छ ।

(ठ) **समान ढाँचाः** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम समान ढाँचामा सञ्चालन गरिने छ ।अनौपचारिक आजीवन र वैकल्पिक सिकाइका सक्षमता र सक्षमता र मूल्याङ्कनका प्रक्रियामा समानता कायम गरिने छ ।

,

(ङ) **प्रविधिको प्रयोगः** अनौपचारिक शिक्षाको पाठ्यक्रम, सिकाइ सामग्रीको विकास र सिकाइ प्रक्रियामा परम्परागत र आधुनिक सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिने छ । यसका लागि सिकाइ पोर्टल विकास र प्रयोगलाई प्रवर्धन गरिने छ ।

(ढ) **संस्थागत सुदृढीकरणः** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि संस्थागत सुदृढीकरण र पेसागत विकास गरिने छ । सङ्घ प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकास गरिने छ । सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ स्थलको रूपमा सबलीकरण गरिने छ ।

## २.२ शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा व्यवस्था भए अनुसार माध्यमिक शिक्षाको राष्ट्रिय उद्देश्यहरू देहायबमोजिम रहेका छन् ।

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक

(ग) विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्नेश्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुर्‍याउने

,

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्न

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

,

## २.३ अनौपचारिक शिक्षा पाठ्यक्रम संरचना

अनौपचारिक शिक्षा पाठ्यक्रमको तहगत संरचनालाई राष्ट्रिय योग्यता प्रारूप तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरे अनुसार तहगत तथा सक्षमतागत रूपमा मेल खाने गरी देहाय बमोजिम व्यवस्थित गरिएको छ ।

**पाठ्यक्रम संरचना (तह १)**

| सिकाइका क्षेत्र | तह १ | |
| --- | --- | --- |
| | सिकाइ समय **(Credit Hour)*** | जम्मा सिकाइ समय (घण्टा) |
| भाषा र सञ्चार | ९ | २८८ |
| व्यावहारिक समस्या समाधान | ४ | १२८ |
| हाम्रो परिवेश र नागरिक चेतना | ८ | २५६ |
| काममा आधारित सिप विकास | ५ | १६० |
| जम्मा | २६ | ८३२ |

**एक सिकाइ समय (Credit hour) भन्नाले ३२ घण्टाको सिकाइ समयावधि मानिने छ। यसमा सिकारुले सिकाइ सामग्रीको प्रयोग, प्रयोगात्मक कार्य परियोजना कार्य सामुदायिक कार्य श्रममूलक कार्य प्रस्तुतीकरण स्वाध्याय सहकार्यकलाप आदिबाट सिक्न उपयोग गरेको समयावधि समावेश हुने छ ।*

,

**पाठ्यक्रम संरचना (तह २)**

| सिकाइका क्षेत्र | सिकाइ समय **(Credit Hour)*** | जम्मा सिकाइ समय (घण्टा) |
|---|---|---|
| भाषा र सञ्चार | १० | ३२० |
| व्यावहारिक समस्या समाधान | ५ | १६० |
| सामाजिक व्यवहार र मूल्यमान्यता | ५ | १६० |
| जीवन जगत र प्रविधि | ५ | १६० |
| स्वस्थ्य जीवन शैली र सिर्जनशीलता | ३ | ९६ |
| काममा आधारित सिप विकास | ४ | १२८ |
| जम्मा | ३२ | १०२४ |

**एक सिकाइ समय (Credit hour) भन्नाले ३२ घण्टाको सिकाइ समयावधि मानिने छ। यसमा सिकारुले सिकाइ सामग्रीको प्रयोग, प्रयोगात्मक कार्य परियोजना कार्य सामुदायिक कार्य श्रममूलक कार्य प्रस्तुतीकरण स्वाध्याय सहकार्यकलाप आदिबाट सिक्न उपयोग गरेको समयावधि समावेश हुने छ ।*

,

**पाठ्यक्रम संरचना (तह ३)**

| सिकाइका क्षेत्र | सिकाइ समय (Credit Hour)* | जम्मा सिकाइ समय (घण्टा) |
|---|---|---|
| भाषा र सञ्चार | १० | ३२० |
| व्यावहारिक समस्या समाधान | ५ | १६० |
| सामाजिक व्यवहार र मूल्य मान्यता | ५ | १६० |
| जीवन जगत र प्रविधि | ५ | १६० |
| स्वस्थ्य जीवन शैली र सिर्जनशीलता | ३ | ९६ |
| काममा आधारित सिप विकास | ४ | १२८ |
| जम्मा | ३२ | १०२४ |

***एक सिकाइ समय (Credit hour) भन्नाले ३२ घण्टाको सिकाइ समयावधि मानिने छ। यसमा सिकारुले सिकाइ सामग्रीको प्रयोग, प्रयोगात्मक कार्य परियोजना कार्य सामुदायिक कार्य श्रममूलक कार्य प्रस्तुतीकरण स्वाध्याय सहकार्यकलाप आदिबाट सिक्न उपयोग गरेको समयावधि समावेश हुने छ ।**

,

**पाठ्यक्रम संरचना (तह ४)**

| सिकाइका क्षेत्र | सिकाइ समय **(Credit Hour)*** | जम्मा सिकाइ समय **(घण्टा)** |
|---|---|---|
| भाषा र सञ्चार (नेपाली) | ५ | १६० |
| भाषा र सञ्चार (अङ्ग्रेजी) | ५ | १६० |
| व्यावहारिक समस्या समाधान | ५ | १६० |
| सामाजिक व्यवहार र मूल्य मान्यता | ४ | १२८ |
| विज्ञान, प्रविधि र खोज | ५ | १६० |
| काम र आवश्यकतामा आधारित सिप विकास (सिकारुको रोजाइमा आधारित कुनै २ क्षेत्र) | ८ | २५६ |
| जम्मा | ३२ | १०२४ |

**एक सिकाइ समय (Credit hour) भन्नाले ३२ घण्टाको सिकाइ समयावधि मानिने छ। यसमा सिकारुले सिकाइ सामग्रीको प्रयोग, प्रयोगात्मक कार्य परियोजना कार्य सामुदायिक कार्य श्रममूलक कार्य प्रस्तुतीकरण स्वाध्याय सहकार्यकलाप आदिबाट सिक्न उपयोग गरेको समयावधि समावेश हुने छ ।*

,

## २.४ सिकाइ क्षेत्र

अनौपचारिक शिक्षातर्फको तह १-४ मा देहायबमोजिमका सिकाइ क्षेत्र समावेश गरिएको छ । उक्त सिकाइ क्षेत्रलाई व्यावहारिक अनुभव, समय वा सन्दर्भअनुरूप परिमार्जन गर्दै लगिने छ ।

| तह १ | तह २ | तह ३ | तह ४ |
|---|---|---|---|
| भाषा र सञ्चार | भाषा र सञ्चार | भाषा र सञ्चार | भाषा र सञ्चार |
| व्यावहारिक समस्या समाधान | व्यावहारिक समस्या समाधान | व्यावहारिक समस्या समाधान | व्यावहारिक समस्या समाधान |
| हाम्रो परिवेश र नागरिक चेतना | सामाजिक व्यवहार र मूल्य मान्यता | सामाजिक व्यवहार र मूल्य मान्यता | सामाजिक व्यवहार र मूल्य मान्यता |
| काममा आधारित सिप विकास | जीवन जगत् र प्रविधि | जीवन जगत् र प्रविधि | विज्ञान, प्रविधि र खोज |
| | स्वस्थ जीवन शैली र सिर्जनशीलता | स्वस्थ जीवन शैली र सिर्जनशीलता | काम र आवश्यकतामा आधारित सिप विकास (सिकारुको रोजाइमा आधारित कुनै २ क्षेत्र) |
| | काममा आधारित सिप विकास | काममा आधारित सिप विकास | |

,

## २.५ सिकाइ सक्षमता

क) तह १ का सिकाइ सक्षमता

१. मातृभाषा र अङ्ग्रेजी भाषाका वर्ण र साधारण शब्दको पहिचान, अर्थबोध र प्रयोग

२. विभिन्न माध्यमबाट व्यक्त भएका साधारण विषयवस्तुको बोध, सञ्चार तथा प्रतिक्रिया

३. दैनिक जीवनका सरल समस्यालाई आधारभूत गणितीय अवधारणाको प्रयोग गरी समाधान

४. आफ्नो समुदायको भौगोलिक, सामाजिक, आर्थिक, शासकीय र सांस्कृतिक अवस्थाको प्रस्तुति

५. ऐतिहासिक महत्त्वका स्थानीय सम्पदा एवम् संस्कृतिको संरक्षण र संवर्धनका साथै राष्ट्रिय विभूति र घटनाहरूले राष्ट्र निर्माणमा पुर्‍याएका योगदानको पहिचान र बोध

६. मानवअधिकार, सामाजिक सद्भाव सहिष्णुता र समावेशिताको अभ्यास

७. विभिन्न पेसा व्यवसायको पहिचान, सम्मान, छनोट तथा प्रतिफलको सही उपयोग

८. सामाजिक न्याय प्रवर्धनका स्थानीय अनुभवको विवेचना तथा प्रस्तुति

९. कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास

१०. स्वास्थ्यकर बानी र सुरक्षाप्रति सचेतता, रोकथाम र उपचारका उपाय पहिचान

११. सूचना तथा सञ्चार प्रविधिको परिचय र प्रयोग

,

१२. मानव र प्रकृतिबिचको सन्तुलित र असन्तुलित सम्बन्धले पार्ने प्रभावको वर्णन

१३. व्यक्ति, परिवार र समाजमा उत्पन्न हुने तनावका कारणको पहिचान र व्यवस्थापनका उपायको अवलम्बन

ख) तह २ का सिकाइ सक्षमता

१. विभिन्न माध्यमबाट व्यक्त भएका विषयवस्तुको बोध तथा उपयुक्त तवरले सञ्चार

२. भाषिक प्रकार्य र भाषाका शब्दभण्डारको प्रयोग

३. दैनिक जीवनका सरल समस्यालाई आधारभूत गणितीय धारणा र सिपको प्रयोग गरी समाधान

४. परिवेश विश्लेषण गरी प्रादेशिक तहको भौगोलिक, सामाजिक, आर्थिक, शासकीय र सांस्कृतिक अवस्थाको प्रस्तुति र उपयोग

५. ऐतिहासिक महत्त्वका प्रादेशिक सम्पदा एवम् संस्कृतिको संरक्षण र संवर्धनका साथै राष्ट्रिय विभूति र घटनाहरूले राष्ट्र निर्माणमा पुर्‍याएका योगदानको विवेचना

६. मानवअधिकार, सामाजिक सद्भाव र समावेशी सिद्धान्त विश्लेषण

७. समुदायका जातजातिले अवलम्बन गरेका पेसा व्यवसायको सम्मान र त्यसबाट उपलब्ध प्रतिफलको सही उपयोग

८. इच्छाएको पेसा वा व्यवसायको छनोट र सोसम्बन्धी प्रारम्भिक सिप विकास

,

९. सामाजिक न्याय प्रवर्धनका लागि प्रादेशिक तहमा भएका व्यक्तिगत र संस्थागत प्रयासका अनुभवको विवेचना

१०. सामाजिक सद्भाव प्रवर्धनका लागि कार्ययोजना निर्माण

११. समाजमा हुने द्वन्द्वका कारण पत्ता लगाई यसको व्यवस्थापनका उपायको खोजी व्यावहारिक रूपमा समाधान

१२. सूचना तथा सञ्चार प्रविधिको महत्त्व र प्रयोग

१३. जीव तथा वनस्पति र वातावरणबिचको सम्बन्ध पहिचान

१४. सरल व्यावहारिक समस्यालाई तथ्यपरक रूपले पहिचान र समाधान

१५. प्राकृतिक स्रोत साधनको विनास र अतिक्रमणले सिर्जित परिवेशको विश्लेषण

१६. स्वास्थ्य र सुरक्षाप्रति सचेत भई रोकथाम र उपचारका उपाय अवलम्बन

१७. वरपरका वस्तु घटना र अनुभवलाई चित्रकला र हस्तकलामा माध्यमले प्रस्तुति

१८. स्थानीय वाद्यवादनका साधनको प्रयोग गरी स्वतन्त्र रूपमा हाउभाउसहित गायन र नृत्य

ग) तह ३ का सिकाइ सक्षमता

१. विभिन्न माध्यमबाट व्यक्त भएका साधारण विषयवस्तु बोध र तर्कपूर्ण सञ्चार

२. भाषिक प्रकार्यको उपयोग तथा अन्तर्क्रिया

३. दैनिक जीवनका गणितीय समस्याको तर्कपूर्ण रूपमा समाधान

,

४. सार्क स्तरसम्मको भौगोलिक, सामाजिक, आर्थिक, शासकीय र सांस्कृतिक अवस्थाको विश्लेषण, स्रोत तथा सेवाको समानुपातिक प्रयोगका लागि पैरवी र उपयोग

५. ऐतिहासिक महत्त्वका राष्ट्रिय सम्पदा एवम् संस्कृतिको संरक्षण र संवर्धनका साथै राष्ट्रिय विभूति र घटनाले राष्ट्र निर्माणमा पुर्‍याएका योगदानको विवेचना

६. मानवअधिकार, सामाजिक सद्भाव र समावेशी सिद्धान्तको विवेचना र अनुसरण

७. कामको सम्मान गरी प्रतिफलको सही उपयोग, नीतिगत व्यवस्थाको कार्यान्वयको वकालत तथा पैरवी

८. छनोट गरिएको पेसा वा व्यवसायका लागि योजनाबद्ध दक्षता अभिवृद्धि

९. सामाजिक न्याय प्रवर्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा भएका व्यक्तिगत र संस्थागत प्रयास र अनुभवका आधारमा सोको प्रवर्धनमा सरिक

१०. सामाजिक सद्भाव प्रवर्धनको कार्ययोजना कार्यान्वयन

११. राष्ट्रिय र अन्तरराष्ट्रिय तहमा अनुभव गरेका द्वन्दका कारण र निराकरणका उपायको विवेचना

१२. सूचना तथा सञ्चार प्रविधिको दैनिक जीवनमा उपयोग

१३. जीव तथा वनस्पति र वातावरणबिचको सम्बन्ध विश्लेषण

१४. सरल व्यावहारिक समस्यालाई तथ्यपरक पहिचान र योजनाबद्ध रूपमा समाधान

,

१५. दिगो विकासका लागि प्राकृतिक स्रोत साधनको संरक्षण र संवर्धन
१६. स्वास्थ्य र सुरक्षाप्रति सचेत भई रोकथाम र उपचारका उपाय प्रभावकारी रूपमा अवलम्बन
१७. वरपरका वस्तु, घटना र अनुभवलाई चित्रकला र हस्तकलाका माध्यमले प्रस्तुति
१८. नीय वाद्यवादनका साधनको प्रयोग गरी स्वतन्त्र रूपमा हाउभाउसहित गायन, नृत्य र अभिनय

घ) तह ४ का सिकाइ सक्षमता

१. विभिन्न माध्यमबाट व्यक्त भएका विषयवस्तुको बोध तथा आत्मविश्वासका साथ उपयुक्त र सान्दर्भिक भाषाको प्रयोग
२. भाषिक कार्य सम्पादनमा अनुमानात्मक, तार्किक, अन्तरक्रियात्मक, सिर्जनात्मक, विश्लेषणात्मक र समालोचनात्मक सिपको उपयोग
३. सिकेका र अनुभव गरेका विषयवस्तुको व्यावहारिक लेखन
४. सन्दर्भगत घटना, परिवेश र प्रयोजनको बोध तथा प्रस्तुति
५. अन्तरसांस्कृतिक एवम् भाषिक मूल्यप्रतिको सचेतता र सम्मानजनक भाषिक व्यवहार
६. भाषाको व्यावहारिक विशेषताको पहिचान र स्तरीय रूपको प्रयोग
७. Understand the information from variety of resources and respond them with confidence using appropriate and relevant language.
८. Communicate in English creatively and analytically for personal, formal and functional purposes appropriately.

,

९. Express opinions, feelings and experiences on the topics of everyday life using appropriate vocabulary and accurate structures.

१०. समूहका क्रिया र अङ्कगणितीय अवधारणाको प्रयोगबाट व्यावहारिक समस्याको समाधान

११. ठोसवस्तुका सतहको क्षेत्रफल र आयतनसम्बन्धी समस्याको विष्लेषण र समाधान

१२. बीजगणितीय तरिकाबाट व्यावहारिक समस्या समाधान

१३. ज्यामितीय तथ्य र साध्यहरूको परीक्षण, प्रमाणीकरण र समस्या समाधान

१४. तथ्याङ्क र सम्भाव्यतासम्बन्धी समस्या समाधान र प्रस्तुति

१५. उचाइ र दुरीका समस्याको त्रिकोणमितीय अनुपातको प्रयोगबाट समाधान

१६. समाजका विविध पक्षको पहिचान, सम्मान, संरक्षण र संवर्धन

१७. विकासका पूर्वाधार वातावरण र राष्ट्रिय सम्पदाहरूको संवर्धन र प्रवर्धन

१८. नागरिक अधिकारको बोध र कर्तव्यको पालना

१९. द्वन्द्व व्यवस्थापन, सामाजिक न्याय र समतामूलक समाज निर्माणमा योगदान

२०. मानवीय सम्बन्ध र अन्तरराष्ट्रिय सहयोगका विविध पक्षको पहिचान

२१. पारिवारिक योजना, स्वास्थ्य, जनसङ्ख्या र विपत् व्यवस्थापनका उपायको अवलम्बन तथा व्यवस्थापन

२२. विज्ञानको आधारभूत धारणाको ज्ञान, सिद्धान्त र नियमको विश्लेषण र प्रयोग

२३. वैज्ञानिक सिप विकास, अन्वेषण र अनुसन्धान क्षमताको प्रदर्शन

,

२४. मानव जीवनमा विज्ञान र प्रविधिको प्रभाव अनुबोध र प्रयोग

२५. ब्रह्माण्ड र सौर्यमण्डलसम्बन्धी आधारभूत जानकारी ग्रहण

२६. जीवहरूको क्रम विकास, वर्गीकरण र जैविक विविधताको संरक्षणको अवधारणा बोध

२७. पदार्थका आधारभूत गुण तथा उपयोगी रसायनको पहिचान र समुचित प्रयोग

२८. आधुनिक सूचना प्रविधिको प्रयोग

## २.६ सिकाइ उपलब्धिको विस्तृतीकरण

**क) भाषा र सञ्चार**

| तह | सक्षमता | सिकाइ उपलब्धि |
|---|---|---|
| १ | मातृभाषा र अङ्ग्रेजी भाषाका वर्ण र साधारण शब्दको पहिचान, अर्थबोध र प्रयोग | • वर्ण, अङ्क र दैनिक व्यवहारमा प्रयोग हुने साधारण शब्दहरू पढ्न र लेख्न<br>• साधारण शब्द पढी तिनको अर्थ बताउन र प्रयोग गर्न |
| | विभिन्न माध्यमबाट व्यक्त भएका साधारण विषयवस्तुको बोध, सञ्चार तथा प्रतिक्रिया | • हाउभाउ, शब्दरहित इसारा वा ध्वनि, शारीरिक अङ्गको चलाइ आदिको सङ्केतमा प्रतिक्रिया दिन<br>• आफ्ना विचार प्रस्ट एवम् स्वाभाविक गतिमा बताउन<br>• सरल वाक्य तथा छोटा अनुच्छेद शुद्धसँग उपयुक्त गतिमा पढ्न र अर्थ बताउन |

,

| | | |
|---|---|---|
| | | • आफ्ना विचार सरल वाक्यमा लेखी व्यक्त गर्न<br>• अङ्ग्रेजी भाषाको प्रयोग गरी अभिवादन गर्न, सम्बोधन गर्न, परिचय दिन र प्रतिक्रिया जनाउन<br>• मातृभाषाको प्रयोग गरी अभिवादन गर्न, सम्बोधन गर्न, परिचय दिन र प्रतिक्रिया दिन |
| २ | विभिन्न माध्यमबाट व्यक्त भएका विषयवस्तुको बोध तथा उपयुक्त तवरले सञ्चार | • मौखिक, साङ्केतिक एवम् लिखित निर्देशन तथा सूचनामा केन्द्रित भई आफ्ना प्रतिक्रियासहित कार्य गर्न<br>• हाउभाउ, शब्दरहित इसारा वा ध्वनि शारीरिक अङ्गको चलाइ आदिको सङ्केतमा टिप्पणीसहित प्रतिक्रिया दिन<br>• आफ्ना विचार शुद्ध एवम् स्वाभाविक गतिमा शिष्टाचारपूर्वक बताउन<br>• सरल भाषामा लेखिएका सामग्री शुद्धसँग उपयुक्त गतिमा पढी सार व्यक्त गर्न<br>• आफ्ना विचार शुद्धसँग अनुच्छेदमा लेखी व्यक्त गर्न र दैनिक व्यावहारिक जीवनमा प्रयोग हुने सामान्य निवेदन, जन्म मृत्यु दर्ता जस्ता आवेदन फाराम भर्न |

,

| | | |
|---|---|---|
| | २. भाषिक प्रकार्य र भाषाका शब्दभण्डारको प्रयोग | • दैनिक व्यावहारिक कार्यकलापसम्बन्धी सोधिएका सरल प्रश्नहरूको उत्तर दिन<br>• विभिन्न भाषिक प्रकार्य प्रयोग गरी छोटा संवाद गर्न<br>• दैनिक व्यवहारमा प्रयोग हुने वाक्य पढ्ने, लेख्ने र अर्थ बताउने |
| ३ | १. विभिन्न माध्यमबाट व्यक्त भएका साधारण विषयवस्तु बोध र तर्कपूर्ण सञ्चार | • मौखिक एवम् लिखित रूपमा अभिव्यक्त विचार बुझी सभ्य तवरले प्रश्नोत्तर तथा वादविवाद गर्न<br>• हाउभाउ, शब्दरहित इसारा वा ध्वनि, शारीरिक अङ्गको चाल आदि सङ्केतमाथि उपयुक्त समीक्षात्मक टिप्पणिसहित प्रतिक्रिया दिन<br>• आत्मविश्वासका साथ शिष्ट, सङ्क्षिप्त र स्वाभाविक रूपमा विचार व्यक्त गर्न<br>• सरल भाषामा लेखिएका सामग्री शुद्धसँग उपयुक्त गतिमा पढ्ने र तर्कसङ्गत रूपमा प्रस्तुत गर्न |
| | २. भाषिक प्रकार्यको उपयोग तथा अन्तर्क्रिया | • मौखिक निर्देशन र उद्घोष गरेका सूचना बुझेर कार्य गर्न<br>• दैनिक क्रियाकलापसम्बन्धी साधारण संवाद गर्न<br>• आफ्ना अनुभव र विचारलाई लिखित रूपमा प्रस्तुत गर्न |

,

## तह ४

| क्र.स. | सिप | सिकाइ उपलब्धि |
|---|---|---|
| १ | सुनाइ बोलाइ | १. वर्णको उच्चारणगत भिन्नता पहिचान गरी देखेका, सुनेका, पढेका र अनुभव गरेका विषयमा सबैले बुझ्ने गरी मौखिक वर्णन गर्न<br>२. विधागत प्रकृतिका आधारमा पाठ सुनेर पाठमा प्रयुक्त शीर्षक, घटना, परिवेश, चरित्र, भावका बारेमा तर्कसहित छलफल, प्रश्नोत्तर र दोहोरो सञ्चार गर्न<br>३. उद्घोषण, समाचार वाचन, वक्तृता, संवाद, छलफलमा सक्रियतापूर्वक सहभागी भई उपयुक्त हाउभाउसहित शिष्ट भाषाशैलीमा तार्किक र विश्लेषणात्मक प्रस्तुति दिन<br>४. श्रोताहरूको अवस्था, सामाजिक, सांस्कृतिक परिवेशअनुसार प्रस्तुतिको योजना तथा परिवेशअनुसार प्रभावकारी शैलीमा शिष्टतापूर्वक तार्किक र विश्लेषणात्मक अभिव्यक्ति दिन<br>५. गति, लय र भाव ख्याल गरी शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न तथा विषयवस्तुको सन्दर्भ ख्याल गरी मौखिक अभिव्यक्ति दिन<br>६. प्रसङ्ग, सन्दर्भअनुसार उखान, टुक्का र अनुकरणात्मक शब्द, पारिभाषिक प्राविधिक शब्दावलीको प्रयोग गर्न<br>७. विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने राष्ट्रिय तथा |

,

| | | |
|---|---|---|
| | | अन्तर्राष्ट्रिय व्यक्तिको प्रभावकारी रूपमा व्यक्तिवृत्त वर्णन गर्न<br>८. सामाजिक र सांस्कृतिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था तथा भाषाको प्रयोजनपरक भेदका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन<br>९. दैनिक जीवनका घटना तथा सामाजिक, सांस्कृतिक र प्राकृतिक परिवेशको प्रभावकारी रूपमा मौखिक वर्णन गर्न |
| २ | पढाइ | १. निर्धारित समयमा लिखित सामग्रीलाई सन्दर्भ र भावअनुसार गति, यति, लय र हाउभाउ मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न<br>२. सिकाइ सामग्रीमा प्रयुक्त विशिष्ट अंश पहिचान गरी व्याख्या र विश्लेषण गर्न सक्ने गरी पढ्न<br>३. सिकाइ सामग्रीको शीर्षक, संरचना, परिवेश, उद्देश्य, सूचना तथा विषयको अभिप्राय पहिल्याउँदै तिनका बारेमा समीक्षात्मक विचार दिन सक्ने गरी पढ्न<br>४. सिकाइ सामग्री पढी विषयवस्तु र आशय बोध गरी व्याख्या, विश्लेषण र समीक्षा गर्न<br>५. सिकाइ सामग्रीमा प्रयुक्त बौद्धिक, भावनात्मक, तार्किक पक्षको पहिचान गरी शब्दभण्डार वृद्धि गर्न<br>६. साहित्यिक विधाका सिकाइ सामग्रीमा व्यक्त |

,

| | | |
|---|---|---|
| | | भएका सामाजिक तथा सांस्कृतिक सन्दर्भका बारेमा विश्लेषणात्मक प्रतिक्रिया दिन सक्ने गरी पढ्न<br>७. अनुमान, सारांश, सन्देशको प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न<br>८. सिकाइ सामग्री मा प्रस्तुत मुख्य घटनालाई क्रम मिलाई अभिव्यक्त गर्न सक्ने गरी पढ्न<br>९. विश्लेषणात्मक तथा समालोचनात्मक सोचको निर्माण गर्ने गरी विभिन्न प्रकारका लिखित सामग्री पढ्न |
| ३ | लेखाइ | १. वर्णविन्यास, लेख्य चिह्न र वाक्य सङ्गति  मिलाई स्पष्ट र शुद्धसँग लेख्न<br>२. विभिन्न प्रकारका सूचना सङ्कलन गरी संश्लेषणात्मक लेखन गर्न<br>३. सिकाइ सामग्रीमा आधारित भई श्रुतिलेखन र अनुलेखन गर्न तथा तार्किक र मौलिक प्रश्नोत्तर गर्न<br>४. साहित्यिक विधा र पाठहरूको व्याख्या, विश्लेषण, सार र समीक्षा गर्न<br>५. देखेका, सुनेका, पढेका र अनुभव गरेका घटना र परिवेशका बारेमा सिलसिला मिलाएर तर्कसहित प्रभावकारी रूपमा वर्णन गर्न |

,

| | | |
|---|---|---|
| | | ६. सिकाइ सामग्री पढेर  बुँदा टिपोट गरी सारांश लेख्न<br>७. दैनिक व्यवहारमा प्रयोग हुने निवेदन, चिठी, विज्ञापन, सूचना, समवेदना, शुभकामना, बधाई, समाचार तयार पार्न, फाराम भर्न<br>८. व्यक्तिगत विवरण, अनुकरणात्मक जीवनी, संवाद, वक्तृता, टिप्पणी, मनोवाद लेख्न<br>९. लिखित अभिव्यक्तिका क्रममा भाषिक संरचनाका आधारभूत पक्ष ख्याल गरी विभिन्न प्रयोजनपरक क्षेत्रका शब्द, अनुकरणत्मक शब्द तथा प्रचलित उखान टुक्काको प्रयोग गरी लेख्न<br>१०. विभिन्न विधा तथा भाषिक सिकाइ सामग्रीमा आधारित भई लिखित रूपमा निर्देशित, स्वतन्त्र र सिर्जनात्मक लेखन गर्न<br>११. विभिन्न विषयमा विवरणात्मक, वर्णनात्मक, तार्किक, विश्लेषणात्मक अभिव्यक्ति दिन |

,

## तह ४ भाषा र सञ्चार -अङ्ग्रेजी

| S.N. | Skill | Learning outcomes | Competency |
|---|---|---|---|
| 1. | Listening | Comprehend talks, speeches and announcements and respond. | 1 |
| 2. | Listening | Listen to directions and instructions and follow them accordingly. | 1 |
| 3. | Reading | Comprehend a variety of reading texts inferring the contextual meaning of unfamiliar words, phrases and idioms. | 1 |
| 4. | Reading | Find the specific information, main ideas and the gist from a variety of texts. | 1 |
| 5. | Speaking | Express feelings, opinions, experiences and reactions, and respond to other's appropriately. | 2 |
| 6. | Speaking | Communicate in formal and informal situations encountered in real life critically and analytically. | 2 |
| 7. | Speaking | Use the language functions appropriately to serve particular purpose. | 2 |
| 8. | Writing | Prepare the samples of writings used in everyday life. | 2 |
| 9. | Writing | Prepare the samples of writings used in professional life. | 2 |
| 10. | Speaking | Express the belief, opinion, agreement and disagreement on various issues and defend them with relevant explanations in discussion. | 3 |
| 11. | Writing | Write the descriptive, narrative, expository and argumentative texts. | 3 |

,

ख) व्यावहारिक समस्या समाधान

| क.स. | सक्षमता | सिकाइ उपलब्धि |
|---|---|---|
| १ | दैनिक जीवनका सरल समस्यालाई आधारभूत गणितीय अवधारणाको प्रयोग गरी समाधान | • घरायसी व्यवहारमा आएका सरसामान, भौतिक संरचना वा स्थान (फर्निचर, कापी, किताब, जग्गा, पर्खाल, भित्ता आदि) को सतहका आकार एवम् कुनाहरूको पहिचान गरी तुलना गर्न ।<br>• सरसामान, वस्तु, नगद आदिको गन्ती गरी लेख्न (हजारसम्म) ।<br>• गणितका आधारभूत क्रिया प्रयोग गरी दैनिक सरल व्यावहारिक समस्या हल गर्न ।<br>• समय र नापतौलको अन्दाज गर्ने, नाप्ने र एकआपसमा रूपान्तरण गर्न । |
| २ | दैनिक जीवनका सरल समस्यालाई आधारभूत गणितीय धारणा र सिपको प्रयोग गरी समाधान | • व्यावहारिक जीवनमा प्रयोगमा ल्याइएका विभिन्न सरसामान, भौतिक संरचना वा स्थानको भिन्नलाई चिन्न, पढ्न र लेख्न ।<br>• गणितका आधारभूत क्रिया प्रयोग गरी दैनिक व्यावहारिक समस्या हल गर्न ।<br>• समय र नापतौलका हरहिसाब गर्न (जोड, घटाउ, गुणन र भाग)<br>• घरायसी बिल, बजेट बनाउन तथा ग्राफ, चार्ट, तालिका र नक्साबाट सूचना लिन दिन । |

,

| | | |
|---|---|---|
| ३ | दैनिक जीवनका गणितीय समस्यालाई तर्कपूर्ण रूपमा समाधान | • सरल रेखा, बक्र रेखा, लम्ब र समानान्तर रेखा र कोण (30°, 45°, 60°, 90°) कम्पास प्रयोग गरेर र सबै खाले 180° सम्मका कोणहरू चाँदको प्रयोग गरी खिच्न र बहुभुजको वर्गीकरण गर्न<br>• दैनिक जीवनमा प्रयोगमा आएका सङ्ख्याहरूको प्रकार (रूढ र संयुक्त सङ्ख्या), सङ्ख्याको खण्डीकरण, ल.स. र म.स., भिन्न, दशमलव र प्रतिशतको पहिचान गरी त्यससँग सम्बन्धित समस्याको हल गर्न ।<br>• टेसलेसन, निर्देशाङ्क र स्थानान्तरणको परिचय दिन ।<br>• आयताकार वस्तुको परिमिति, क्षेत्रफल र आयतन पत्ता लगाउन<br>• तालिका, ग्राफ हेरी सूचना लिन, दिन, तुलना गर्न र व्यवहारमा प्रयोग गर्न<br>• बिजीय पद र अभिव्यञ्जकको परिचय दिई सरलीकरण गर्न तथा एक चलयुक्त रेखीय समीकरणको हल गर्न<br>• एकिक नियम तथा नाफा नोक्सान सम्बन्धि समस्या हल गर्न |
| ४ | समूहका क्रिया र अङ्कगणितीय | • समूहसम्बन्धी व्यावहारिक समस्या भेनचित्रको प्रयोग गरी समाधान गर्न (प्रतिच्छेदन, संयोजन र |

,

| | | |
|---|---|---|
| | अवधारणाको प्रयोगबाट व्यावहारिक समस्याको समाधान | पूरक प्रयोग हुने)<br>• किनमेल र व्यापारमा हुने नाफा, नोक्सान, छुट, कर, बोनस तथा कमिसनसम्बन्धी व्यावहारिक समस्या समाधान गर्न<br>• साधारण र चक्रीय ब्याजको तुलना गर्न<br>• मुद्रा विनिमयसम्बन्धी व्यावहारिक समस्या समाधान गर्न |
| | ठोसवस्तुका सतहको क्षेत्रफल र आयतनसम्बन्धी समस्याको विष्लेषण र समाधान | • षड्मुखा, बेलनाको क्षेत्रफल र आयतनको तुलना र लागत निर्धारण गर्न<br>• जग्गाको क्षेत्रफल मापनका स्थानीय एकाइहरूको रूपान्तरण गर्न (बिघा, कट्ठा, धुर, रोपनी, आना, पैसा र दाम) |
| | बीजगणितीय ढाँचाबाट व्यावहारिक समस्या समाधान | • वर्ग स्वरूपको खण्डीकरण, म.स., ल.स., र दुई चलयुक्त युगपतरेखीय समीकरणसम्बन्धी व्यावहारिक समस्या समाधान गर्न |
| | ज्यामितीय तथ्य र साध्यहरूको परीक्षण, प्रमाणीकरण र समस्या समाधान | • त्रिभुज र चतुर्भुजका कोण, त्रिभुजका भुजा र कोणको सम्बन्धको परीक्षण, बराबर क्षेत्रफल हुने त्रिभुज, चतुर्भुज र समानान्तर चतुर्भुजको सम्बन्धको परीक्षण र प्रयोग गर्न<br>• वृत्तको केन्द्रीय कोण र परिधिको कोणको सम्बन्ध |

,

| | | |
|---|---|---|
| | | परीक्षण, प्रमाणीकरण र समस्या समाधान गर्न तथा स्पर्श रेखा र जीवाको सम्बन्ध बताउन |
| | तथ्याङ्क र सम्भाव्यता सम्बन्धी समस्या समाधान र प्रस्तुति | • सङ्कलित तथ्याङ्कलाई खण्डित र अविच्छिन्न दुवै रूपमा व्यक्त गरी बारम्बारता तालिका बनाएर मध्यक, मध्यिका, रित र चतुर्थांशहरू पत्ता लगाउन<br>• परस्पर अनाश्रित घटनाहरूको सम्भाव्यता पत्ता लगाउन र वृक्षचित्रमार्फत प्रस्तुत गर्न |
| | उचाइ र दुरीका समस्याको त्रिकोणमितीय अनुपातको प्रयोग गरी समाधान | • उचाइ र दुरीका समस्याको त्रिकोणमितीय अनुपातको प्रयोग गरी समस्या समाधान गर्न |

,

## ग) हाम्रो परिवेश र नागरिक चेतना (तह १)/ सामाजिक व्यवहार र मूल्य मान्यता (तह २, ३ र ४)

| तह | सक्षमता | सिकाइ उपलब्धि |
|---|---|---|
| १ | आफ्नो परिवेश पहिचान गरी आफ्नो समुदायको भौगोलिक, सामाजिक, आर्थिक, शासकीय र सांस्कृतिक अवस्थाको प्रस्तुति | • आफ्ना छरछिमेकीको सहभागितामा राजनीतिक, सामुदायिक-सामाजिक स्रोत र मौसमी नक्सा बनाउन<br>• सामाजिक स्रोत नक्साको प्रयोग गरी प्राकृतिक स्रोत एवम् सेवाको समानुपातिक वितरणको अवस्था पहिचान गर्न<br>• स्थानीय तहमा उपलब्ध स्रोतसाधन, हावा पानी तथा भूपरिवेशको लेखाजोखा गरी आर्थिक सम्भावनाहरू पहिचान गर्न<br>• स्थानीय तहको शासकीय संरचना, कार्य प्रणाली, संविधानले प्रदान गरेको अधिकार र सेवा सुविधाको व्यवस्था अभिव्यक्त गर्न |
| | ऐतिहासिक महत्त्वका स्थानीय सम्पदा एवम् संस्कृतिको संरक्षण र संवर्धनका साथै राष्ट्रिय विभूति र घटनाहरूले राष्ट्र निर्माणमा पुर्‍याएका योगदानको पहिचान र बोध | • छरछिमेकको सहभागितामा निर्मित सामाजिक तथा स्रोत नक्सामा किटान भएका ऐतिहासिक र सांस्कृतिक सम्पदा एवम् प्राकृतिक स्रोत-साधनको अवस्था र समस्या अभिव्यक्त गर्न<br>• स्थानीय तहमा उल्लेखनीय योगदान पुर्‍याएका ऐतिहासिक व्यक्तित्व र घटनाहरू उल्लेख गर्न<br>• हाम्रा राष्ट्रिय विभूतिहरूले राष्ट्र निर्माणमा पुर्‍याएको योगदानको उल्लेख गर्न |

,

| | | |
|---|---|---|
| | मानव अधिकार,<br>सामाजिक सद्भाव<br>सहिष्णुता र<br>समावेशिताको अभ्यास | • महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिका आधारभूत मानव अधिकार उल्लेख गर्न<br>• आफ्नो र छरछिमेकको पारिवारिक संरचना र सम्बन्धको समावेशी अवस्थाको पहिचान गर्न<br>• समावेशी नीति र यसको कार्यान्वयनले पार्ने प्रभावको वर्णन गर्न<br>• स्थानीय तहमा विगतमा अनुभव गरेका सामाजिक सद्भाव एवम् सहिष्णुता खलबल्याउने घटनाको समीक्षा गर्न<br>• विगतमा अनुभव गरेका सामाजिक सद्भाव एवम् सहिष्णुता खलबल्याउने घटनाहरू दोहोरिन नदिन अपनाउन सक्ने सावधानीका उपाय प्रस्तुत गर्न |
| | विभिन्न पेसा व्यवसायको पहिचान , सम्मान छनोट तथा प्रतिफलको सही उपयोग | • आफ्ना परिवारका सदस्यहरूले गर्ने कामको विवरण तयार गरी त्यसले परिवारमा पुर्‍याएको योगदान बताउन<br>• पारिवारिक आम्दानीका उपाय पहिचान गरी त्यसको सार्थक उपयोगको बारेमा बताउन<br>• आफ्नो परिवार र छरछिमेकले अपनाएका पेसा वा व्यवसाय पहिचान, वर्गीकरण र |

,

| | | |
|---|---|---|
| | | सबल दुर्बल पक्षको विश्लेषण गर्न<br>• उन्नत जीविकोपार्जनका सम्भाव्य व्यावसायिक वा पेसागत सिपको पहिचान गर्न<br>• आफ्नो टोलछिमेक वा नजिकको बजारमा व्यक्तिगत वा व्यावसायिक प्रयोगमा रहेका विभिन्न आधुनिक विधि प्रविधिको सूची तयार गरेर आफ्ना दैनिक व्यवहारमा तिनीहरूको उपयोगिता र सम्भव्यता लेखाजोखा गर्न |
| | सामाजिक न्याय प्रवर्धनका स्थानीय अनुभवहरूको विवेचना तथा प्रस्तुति | • स्थानीय वा प्रदेश स्तर वा राष्ट्रिय तहका सामाजिक आन्दोलनका अभियन्ता र सामाजिक न्यायको क्षेत्रमा उनीहरूले गरेका कार्य उल्लेख गर्न |
| | कला तथा सौन्दर्य प्रति अभिरुचि र सिर्जनात्मकताको विकास | • कला तथा सौन्दर्यप्रति अभिरूचि र सिर्नजनात्मकताको विकास गर्न । |
| | स्वास्थकर बानी र सुरक्षाप्रति सचेत भई रोकथाम र उपचारका उपाय पहिचान | • स्वच्छ एवम् सन्तुलित भोजन, शारीरिक व्यायाम र योगाभ्यासका लाभ व्यक्त गर्न<br>• आफू, परिवार र समुदायमा देखिएका, भोगिएका विभिन्न रोगका लक्षण, कारण र रोकथामका उपाय पहिचान गर्न |
| | सूचना तथा सञ्चार प्रविधिको परिचय र | • सूचना तथा सञ्चार प्रविधिको सामान्य परिचय दिन |

,

| | | |
|---|---|---|
| | प्रयोग | • टेलिफोन, मोबाइल र क्यालकुलेटर दैनिक व्यवहारमा प्रयोग गर्न |
| | मानव र प्रकृतिबिचको सन्तुलित र असन्तुलित सम्बन्धले पार्ने प्रभावको व्याख्यात्मक प्रस्तुति | • मानव र प्रकृतिबिचको अन्तरसम्बन्धको उल्लेख गर्न<br>• प्राकृतिक स्रोतको परिचय तथा समयको अन्तरालमा स्थानीय प्राकृतिक स्रोतहरूमा भएको संरक्षण र विनाश उल्लेख गर्न |
| | व्यक्ति परिवार र समाजमा उत्पन्न हुने तनावका कारणको पहिचान र व्यवस्थापनका उपायको अवलम्बन | • परिवारमा देखे सुनेका वा अनुभव गरिएका तनावका कारण पहिचान गरी व्यवस्थापनका उपायको अवलम्बन गर्न |
| २ | परिवेश विश्लेषण गरी प्रादेशिक तहको भौगोलिक, सामाजिक, आर्थिक, शासकीय र सांस्कृतिक अवस्थाको प्रस्तुति र उपयोग | • स्रोत नक्सामार्फत प्राकृतिक स्रोत साधनको समानुपातिक वितरण व्यवस्थापका उपाय उल्लेख गर्न<br>• प्रादेशिक स्तरको भौगोलिक, आर्थिक सामाजिक अवस्था र उपलब्ध स्रोत साधन समेत उल्लेख गर्न<br>• प्रादेशिक तहको शासकीय संरचना ,कार्य प्रणाली र संविधानले प्रदान गरेका अधिकार र सेवा उल्लेख गर्न |
| | ऐतिहासिक महत्त्वका प्रादेशिक सम्पदा एवम् | • छरछिमेकको सहभागितामा निर्मित सामाजिक तथा स्रोत नक्सामा किटान भएका ऐतिहासिक |

,

| | | |
|---|---|---|
| | संस्कृतिको संरक्षण र संवर्धनका साथै राष्ट्रिय विभूति र घटनाहरूले राष्ट्र निर्माणमा पुर्‍याएका योगदानको विवेचना | र सांस्कृतिक सम्पदा एवम् प्राकृतिक स्रोत साधनको अवस्था, समस्या र समाधानका उपाय विवेचना गर्न<br>• प्रादेशिक तहमा उल्लेखनीय योगदान पुर्‍याएका ऐतिहासिक व्यक्तित्त्व र घटनाहरूको विवेचना गर्न<br>• हाम्रा राष्ट्रिय विभूतिहरूले राष्ट्र निर्माणमा पुर्‍याएको योगदानको विवेचना गर्न |
| | मानवअधिकार, सामाजिक सद्भाव र समावेशी सिद्धान्त विश्लेषण | • आफ्नो समुदायमा भएगरेका मानव अधिकार हनन र संरक्षणका घटना विवेचना गर्न<br>• स्थानीय समुदायका विभिन्न जातजाति, धर्म. लिङ्ग, अपाङ्गता एवम् संस्कृति भएका समूहको स्थानीय संरचनामा समावेशी सहभागिताको विश्लेषण गर्न |
| | समुदायका जातजातिले अवलम्बन गरेका पेसा व्यवसायको सम्मान र त्यसबाट उपलब्ध प्रतिफलको सही उपयोग | • ऐतिहासिक रूपले विभेदमा पारिएका निश्चित वर्गका व्यक्तिहरूको विभेद समाधानका लागि व्यक्तिगत तहबाट भएको प्रयासका उदाहरण प्रस्तुत गर्न |
| | इच्छाएको पेसा वा व्यवसायको छनोट र सोसम्बन्धी प्रारम्भिक | • छरछिमेकले गर्ने काम, पेसा तथा व्यवसायको विवरण तयार गर्न र त्यसले समाजमा पारेको प्रभावको विश्लेषण गर्न |

,

| | | |
|---|---|---|
| | सिप विकास | • समाजमा आम्दानीको उपयोग कसरी भएको छ विश्लेषण गर्न र सार्थक उपयोगका लागि सरिक हुन<br>• आफू र परिवारलाई उपयोगी पेसा वा व्यवसाय छनोट गरी औचित्य प्रस्तुत गर्न<br>• पहिचान गरी छानेको व्यावसायिक वा पेसागत सिपको दक्षता प्रदर्शन गर्न<br>• आफूले गर्न चाहेको पेसा वा व्यवसायमा उपयोग हुने निश्चित विधि र प्रविधिको पहिचान गरी त्यसको पुस्ट्याइँ गर्न |
| | सामाजिक न्याय प्रवर्धनका लागि प्रादेशिक तहमा भएका व्यक्तिगत र संस्थागत प्रयासका अनुभवहरूको विवेचना | • सामाजिक न्याय प्रवर्धनमा सक्रिय स्थानीय व्यक्ति वा संस्थाका प्रयास उल्लेख गर्न<br>• प्रान्तीय तहका सामाजिक आन्दोलनका अभियन्ता र उनीहरूको सामाजिक न्यायसम्बन्धी  कार्य उल्लेख गर्न |
| | सामाजिक सद्भाव प्रवर्धनका लागि कार्ययोजना निर्माण | • सामाजिक सद्भाव प्रवर्धन गर्ने उपाय प्रस्तुत गर्न<br>• सामाजिक सद्भाव प्रवर्धनका उपाय लागु गर्ने कार्ययोजना निर्माणमा संलग्न हुन |
| | समाजमा हुने द्वन्द्वका कारण पत्ता लगाई यसको व्यवस्थापनका | • विभिन्न कारणले समाजमा अनुभव गरिएका तनावपूर्ण घटनाका सम्बन्धमा तर्कपूर्ण प्रस्तुति गर्न |

,

| | | |
|---|---|---|
| | उपाय खोजी व्यावहारिक रूपमा समाधान | |
| ३ | सार्क स्तरसम्मको भौगोलिक, सामाजिक, आर्थिक, शासकीय र सांस्कृतिक अवस्थाको विश्लेषण, स्रोत तथा सेवाको समानुपातिक प्रयोगका लागि पैरवी र उपयोग | • उपयुक्त नक्साको प्रयोग गरी सङ्घीय र सार्क क्षेत्रको अवस्थिति पहिचान गरी भौगोलिक, सामाजिक, भाषिक, आर्थिक, शासकीय र सांस्कृतिक पक्षको परिचय दिन<br>• स्रोतसाधनको समानुपातिक बाँडफाँट गर्नका लागि अपनाउनुपर्ने उपाय र समाजमा देखा परेका कुरीति हटाउनका लागि बहस पैरवी गर्न<br>• नेपाल र सार्कस्तरमा उपलब्ध स्रोतसाधन, हावापानी, भूपरिवेश समेतका आधारमा आर्थिक सम्भावना पहिचान गर्न र आफ्नो स्थानीय र प्रादेशिक परिवेशसँग तुलना गर्न<br>• नेपालको शासकीय संरचना, कार्य प्रणाली, संविधानले प्रदान गरेका अधिकार र सेवा सुविधाको व्यवस्था सम्बन्धमा परिचित भई सेवा लिन |
| | ऐतिहासिक महत्त्वका राष्ट्रिय सम्पदा एवम् संस्कृतिको संरक्षण र संवर्धनका साथै राष्ट्रिय | • आफ्ना समुदायका ऐतिहासिक, आधुनिक, प्राकृतिक स्रोत-साधन तथा सांस्कृतिक सम्पदा मर्मत सम्भार र संरक्षणसम्बन्धी कार्यकलापमा सक्रिय हुन |

,

| | | |
|---|---|---|
| | विभूति र घटनाले राष्ट्र निर्माणमा पुर्‍याएका योगदानको विवेचना | • राष्ट्रिय स्तरमा उल्लेखनीय योगदान पुर्‍याएका ऐतिहासिक व्यक्तित्व र घटनाहरूको विवेचना गर्न<br>• हाम्रा राष्ट्रिय विभूतिहरूले राष्ट्र निर्माणमा पुर्‍याएको योगदानको तुलनात्मक विवेचना गर्न |
| | मानवअधिकार, सामाजिक सद्भाव र समावेशी सिद्धान्तको विवेचना र अनुसरण | • मानवअधिकार संरक्षण र संवर्धन गर्न राष्ट्रले गरेका प्रतिबद्धता अभिव्यक्त गर्न र यससम्बन्धी राष्ट्रिय प्रावधानको सामान्य विवेचना गर्न<br>• विभिन्न जातजाति, लिङ्ग, धर्म, संस्कृति एवम् अपाङ्गता भएका समूहको प्रादेशिक तथा सङ्घीय संरचनामा समावेशिताको विश्लेषण गर्न |
| | कामको सम्मान गरी प्रतिफलको सही उपयोग, नीतिगत व्यवस्थाको कार्यान्वयको वकालत तथा पैरवी | • निश्चित सामाजिक वर्गप्रति ऐतिहासिक रूपमा भएको विभेदका समस्यालाई सम्बोधन गर्ने नीतिगत व्यवस्था र कार्यान्वयन अवस्थाको विवेचना गर्न |
| | छनोट गरिएको पेसा वा व्यवसायका लागि योजनाबद्ध दक्षता अभिवृद्धि | • काम, पेसा वा व्यवसायको सम्मान र प्रवर्धन गरी दिगो विकासका उपाय अवलम्बन गर्न<br>• आफू र परिवारले छनोट गरेको पेसा वा व्यवसायका लागि सम्बन्धित निकायसँग समन्वय गरी योजना बनाउन<br>• विकसित व्यावसायिक वा पेसागत सिपको फाइदाजनक प्रयोग उल्लेख गरेर व्यक्तिगत |

,

| | | |
|---|---|---|
| | | वा पारिवारिक व्यावसायिक वा पेसागत योजना तयार गर्न<br>• आफूले छानेको पेसा वा व्यवसायको उपयुक्त आधुनिक विधि प्रविधिको प्रयोगसम्बन्धी सिप प्रदर्शन गर्न |
| | सामाजिक न्याय प्रवर्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा भएका व्यक्तिगत र संस्थागत प्रयासका अनुभवको प्रवर्धन | • राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिगत समझदारी र अभिसन्धिको कार्यान्वयनको विवेचना गर्न<br>• सामाजिक न्यायका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयास उल्लेख गरी त्यसमा आफूले खेल्न सक्ने भूमिका निर्वाह गर्न<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका सामाजिक आन्दोलनबाट प्राप्त सामाजिक न्याय प्रवर्धनको विश्लेषण गर्न |
| | सामाजिक सद्भाव प्रवर्धनको कार्ययोजना कार्यान्वयन | • सामाजिक सद्भाव प्रवर्धन कार्ययोजना निर्माण गरी कार्यान्वयनमा संलग्न हुन<br>• सामाजिक सद्भाव कायम गर्ने कार्यमा संलग्न हुन र त्यसबाट प्राप्त अनुभव प्रस्तुत गर्न |
| | समाजमा हुने द्वन्द्व तथा तनावका कारण पत्ता लगाई यसको व्यवस्थापनका उपाय खोजी व्यावहारिक रूपमा समाधान | • परिवार र समाजमा हुने द्वन्द्व तथा तनाव व्यवस्थापनका उपाय बताउन |

,

| | | |
|---|---|---|
| | राष्ट्रिय र अन्तरराष्ट्रिय तहमा अनुभव गरेका द्वन्द्वका कारण र निराकरणका उपायको विवेचना | • राष्ट्रिय र अन्तरराष्ट्रिय तहमा द्वन्द्व उत्पन्न हुनाका कारणको पहिचान गरी द्वन्द्व व्यवस्थापनका उपाय बताउने |
| ४ | समाजका विविध पक्षको पहिचान, सम्मान, संरक्षण र संवर्धन | • सामाजीकरणको व्यावहारिक उपलब्धि पहिचान गर्न<br>• समाजको समाजिक सांस्कृतिक विविधताको पहिचान गर्न<br>• राष्ट्रिय गौरवको पहिचान र सम्मान गर्न |
| | विकासका पूर्वाधार वातावरण र राष्ट्रिय सम्पदाहरूको संवर्धन र प्रवर्धन | • विकासका अवाधरणासँग परिचित हुन र पूर्व सर्तको पहिचान गर्न<br>• दिगो विकासको अवाधराणा र स्थानीय स्तरमा भइरहेको प्रयास बताउन<br>• विकासमा स्थानीय, प्रादेशिक र सङ्घीय सरकारको भूमिका बताउन<br>• विकासमा स्थानीय तथा परम्परागत ज्ञान तथा सिपको महत्त्व बोध तथा संरक्षण गर्न |
| | नागरिक अधिकारको बोध र कर्तव्यको पालना | • राष्ट्र र राष्ट्रियताको सम्मान गर्न र राष्ट्रिय सरोकारका विषयप्रति सचेत रहन<br>• मानव अधिकार संरक्षण र प्रवर्धनमा सङ्घसंस्थाको भूमिका बताउन<br>• संविधानले प्रदान गरेका मौलिक हक र नागरिक कर्तव्यको परिचय दिन |

,

| | | |
|---|---|---|
| | | • निर्वाचनमा नागरिकले निर्वाह गर्नुपर्ने भूमिका बताउन<br>• सुशासनमा नागरिकको भूमिका बताउन |
| | द्वन्द्व व्यवस्थापन, सामाजिक न्याय र समतामूलक समाज निर्माणमा योगदान | • द्वन्द्व व्यवस्थापनमा नागरिक समाज तथा सङ्घसंस्थाको भूमिका बताउन<br>• द्वन्द्व व्यवस्थापनमा सहभागी हुन<br>• सामाजिक न्याय प्रवर्धनमा सहभागी हुन<br>• समतामूलक समाज निर्माणमा नागरिकको योगदान बताउन |
| | मानवीय सम्बन्ध र अन्तरराष्ट्रिय सहयोगका विविध पक्षको पहिचान | • नेपालको दातृ राष्ट्रसँगको सम्बन्ध बताउन<br>• समसामयिक घटनाले मानव जीवनमा पारेको प्रभावको खोजी गर्न<br>• अन्तरराष्ट्रिय सम्बन्धमा नेपालको भूमिका बताउन |
| | पारिवारिक योजना, स्वास्थ्य जनसङ्ख्या र विपत् वस्थापनका उपायको अवलम्बन | • पारिवारिक योजनाको अवधारणा र गुणस्तरीय जीवनबिचको अन्तर सम्बन्ध बताउन<br>• पारिवारिक स्वास्थ्यको परिचय र महत्त्व बताउन<br>• जनसङ्ख्या व्यवस्थापनका प्रभाकारी उपाय बताउन<br>• विपत् व्यवस्थापनका उपाय अवलम्बन गर्न |

,

**घ) जीवन जगत् र प्रविधि (तह २ र ३)/ विज्ञान, प्रविधि र वातावरण (तह ४)**

| तह | सक्षमता | सिकाइ उपलब्धि |
|---|---|---|
| २ | सूचना तथा सञ्चार प्रविधिको महत्त्व र प्रयोग | • सूचना तथा सञ्चार प्रविधिको उपयोगको महत्त्व बताउन<br>• मोबाइल तथा कम्मप्युटरको उपयोग गरी विद्युतीय शैक्षिक सामग्रीहरू अध्ययन तथा प्रयोग गर्न |
| | जीव तथा वनस्पति र वातावरणबिचको सम्बन्ध पहिचान | • जनावर र वनस्पतिबिच असन्तुलनका कारणले आउन सक्ने समस्या पहिचान गर्न<br>• मानवीय क्रियाकलापले हुने वातावरणीय असरको विश्लेषण गर्न<br>• वातावरणीय असन्तुलनका कारणले मानवीय जीवनमा पर्ने प्रभाव पहिचान तथा विश्लेषण गर्न |
| | प्राकृतिक स्रोत साधनको विनास र अतिक्रमणले सिर्जित परिवेशको विश्लेषण | • मानवीय क्रियाकलापले हुने वातावरणीय असरको विश्लेषण गर्ने<br>• प्राकृतिक स्रोतहरूको ह्रासबाट सिर्जित वातावरणीय असर विश्लेषण गर्न |
| | सरल व्यावहारिक समस्यालाई तथ्यपरक रूपले पहिचान र समाधान | • ऊर्जा शक्तिका विभिन्न स्रोत र स्वरूपका आधारमा त्यसको सुदुपयोगका उपाय पहिचान गर्न<br>• कम्पोस्ट मल, गोबर ग्याँस, सान लगाउने र |

,

| | | |
|---|---|---|
| | | शीतभण्डारको सुधारात्मक प्रयोग पहिचान गर्न<br>• दैनिक जीवनमा प्रयोगमा आएका पदार्थ र वस्तुका विशेष गुणहरू पहिचान गरी वर्गीकरण गर्न<br>• घरायसी प्रयोजनमा ल्याइएका केही रासायनिक पदार्थको फाइदा र बेफाइदा पहिचान गर्न |
| ३ | सूचना तथा सञ्चार प्रविधिको दैनिक जीवनमा उपयोग | • सूचना तथा सञ्चार प्रविधिका साधन र तिनको उपयोगिता सम्बन्धमा तुलनात्मक रूपमा प्रस्तुत गर्न<br>• आधुनिक सञ्चार माध्यम (मोबाइल, स्मार्ट फोन वा ट्याबलेट र कम्प्युटर) लाई आवश्यकताअनुसार प्रयोग गर्न |
| | जीव तथा वनस्पति र वातावरणबिचको सम्बन्ध विश्लेषण | • जनावर र वनस्पतिबिचको अन्तर्सम्बन्ध पहिचान गर्न<br>• मौसम र ऋतु परिवर्तनबाट वातावरणमा पर्ने असर पहिचान गर्न |
| | दिगो विकासका लागि प्राकृतिक स्रोत साधनको संरक्षण र संवर्धन | • जलवायु परिवर्तनको असर र तिनको न्यूनीकरणका उपाय अवलम्बन गर्न<br>• प्राकृतिक स्रोत साधनको संरक्षण र संवर्धनका उपाय अवलम्बन गर्न |
| | सरल व्यावहारिक समस्यालाई तथ्यपरक | • साधारण यन्त्रमा आधारित दैनिक जीवनमा उपयोग हुने विभिन्न उपकरणको पहिचान गर्न |

,

| | | |
|---|---|---|
| | पहिचान र योजनाबद्ध रूपमा समाधान | • ऊर्जा वा शक्तिका विभिन्न स्रोत र स्वरूपको पहिचान गर्न<br>• वरपरका पदार्थको पहिचान गर्न<br>• दैनिक जीवनमा प्रयोगमा आएका पदार्थ र वस्तुका विशेष गुण पहिचान गर्न |
| ४ | ब्रह्माण्ड तथा सौर्यमण्डलसम्बन्धी आधारभूत जानकारी | • ब्रह्माण्ड तथा सौर्यमण्डलसम्बन्धी आधारभूत जानकारी दिन |
| | वैज्ञानिक प्रक्रिया सिपको प्रयोग गरी अन्वेषण र अनुसन्धान तथा विज्ञान र प्रविधिप्रति सकारात्मक सोचको विकास | • वैज्ञानिक प्रक्रिया सिपको प्रयोग गरी अन्वेषण र अनुसन्धान तथा विज्ञान र प्रविधिप्रति सकारात्मक सोचको विकास गर्न |
| | विज्ञानको आधारभूत धारणा, सिद्धान्त र नियमको विश्लेषण र प्रयोग | • विज्ञानको आधारभूत धारणा, सिद्धान्त र नियमको विश्लेषण र प्रयोग गर्न |
| | मानव जीवनमा ऊर्जा र प्रविधिको प्रभाव र प्रयोग | • मानव जीवनमा ऊर्जा प्रयोग र महत्त्व बताउन<br>• दैनिक जीवनमा प्रविधिको प्रयोग र प्रभावको विश्लेषण गर्न |
| | जीवहरूको क्रम विकास, वर्गीकरण र जैविक | • सजीवहरूको वर्गीकरण अवधारणा र आवश्यकता बताउन |

,

| | | |
|---|---|---|
| | विविधताको संरक्षण | • जीवहरूको विकासक्रमको अवधारणा र सिद्धान्त व्याख्या गर्न<br>• शारीरिक संरचना र जीवनप्रक्रिया<br>• मौरी र च्याउको जीवनचक्र सचित्र बयान गर्न<br>• अम्ल वर्षा र हरितगृह प्रभावका कारण र असरहरू बयान गर्न |
| | पदार्थका आधारभूत गुण तथा उपयोगी रसायनको पहिचान र समुचित प्रयोग | • पदार्थका आधारभूत गुण तथा उपयोगी रसायनको पहिचान र समुचित प्रयोग गर्न |
| | आधुनिक सूचना प्रविधिको प्रयोग | • आधुनिक सूचना प्रविधिको प्रयोग |

,

## ङ) स्वस्थ जीवनशैली र सिर्जनशीलता

| तह | सक्षमता | सिकाइ उपलब्धि |
|---|---|---|
| २ | स्वास्थ्य र सुरक्षाप्रति सचेत भई रोकथाम र उपचारका उपाय अवलम्बन | • स्वच्छ एवम् सन्तुलित भोजन, शारीरिक व्यायाम र योगाभ्यास गर्न<br>• विभिन्न रोगको वर्गीकरण गर्न, रोकथामका उपाय र उपचारका सम्बन्धमा व्यक्त गर्न |
| | वरपरका वस्तु घटना र अनुभवलाई चित्रकला र हस्तकलाका माध्यमले प्रस्तुति | • वरपरका वस्तु घटना र अनुभवलाई चित्रकला र हस्तकलाका माध्यमले प्रस्तुत गर्न |
| | स्थानीय वाद्यवादनका साधनकहरू प्रयोग गरी स्वतन्त्र रूपमा हाउभाउसहित गायन र नृत्य | • स्थानीय वाद्यवादनका साधनक प्रयोग गरी स्वतन्त्र रूपमा हाउभाउसहित गायन र नृत्य गर्न |
| ३ | स्वास्थ्य र सुरक्षाप्रति सचेत भई रोकथाम र उपचारका उपाय प्रभावककारी रूपमा अवलम्बन | • स्वच्छ एवम् सन्तुलित भोजन, शारीरिक व्यायाम र योगाभ्यास गरी अरुलाई पनि अभिप्रेरित गर्न<br>• विभिन्न निकायले प्रदान गर्ने स्वास्थ्य सेवा र सुविधाको पहिचान गरी आवश्यकताअनुसार उपयोग गर्न<br>• व्यक्तिगत, पारिवारिक एवम् सामाजिक सुरक्षाका उपाय पहिचान गर्न |

’

| | | |
|---|---|---|
| | वरपरका वस्तु घटना र अनुभवलाई चित्रकला र हस्तकलाका माध्यमले प्रस्तुति | • वरपरका वस्तु घटना र अनुभवलाई चित्रकला र हस्तकलाका माध्यमले प्रस्तुत गर्न |
| | स्थानीय वाद्यवादनका साधनक प्रयोग गरी स्वतन्त्र रूपमा हाउभाउसहित गायन, नृत्य र अभिनय | • स्थानीय वाद्यवादनका साधनक प्रयोग गरी स्वतन्त्र रूपमा हाउभाउसहित गायन र नृत्य गर्न |

## २.७ सिकाइ विधि तथा प्रक्रिया

सबैका लागि शिक्षाको अवसर प्रदान गर्न औपचारिक शिक्षाका साथै अनौपचारिक तथा आजीवन सिकाइका अवसर प्रदान गर्नुपर्छ । सिकारुले आफ्नो रुचि, इच्छा र आवश्यकताअनुसार सिकाइका विभिन्न विधि तथा प्रक्रिया अवलम्बन गर्न सक्ने छन् । अनौपचारिक तथा आजीवन सिकाइले व्यक्तिमा साधारण व्यावसायिक सिप प्राप्त भई स्वरोजगारी सिर्जना गर्न प्रोत्साहन गर्छ । अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि आवश्यकताअनुसार विभिन्न सिकाइ र सिप विकास मोड्युल विकास गरी कार्यान्वयन गरिने छ । सिकाइलाई निरन्तरता दिनका लागि देहायका विधि तथा प्रक्रिया अवलम्बन गर्न सकिन्छ:

### (क) स्वसिकाइ तथा सहपाठी सिकाइ

सिकारुले सामुदायिक सिकाइ केन्द्र, विभिन्न पुस्तकालय, वेबमा आधारित सामाजिक सञ्जाल, बजार र अन्य माध्यमबाट सामग्री खोज तथा सङ्कलन गरी

,

स्वसिकाइ गर्न सक्छन् । यसैगरी प्रत्यक्ष तथा भर्चुअल माध्यमबाट एकआपसमा छलफल गरी सिकाइ आदानप्रदान गर्नुपर्छ ।

**(ख) दूर तथा खुला सिकाइ**

सिकारुले दूर तथा खुला सिकाइका माध्यमबाट ज्ञान तथा सिप आर्जन गर्न सक्छन् । यसका लागि सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूबाट सञ्चालन हुने दूर तथा खुला सिकाइ कार्यक्रमका अवसरमा सिकारुको सहज पहुँको व्यवस्था मिलाउनुपर्छ । यसका लागि राष्ट्रिय स्तरको रेडियो, टेलिभिजन तथा स्थानीय एफ्.एम्. रेडियोबाट कार्यक्रम विकास गरी प्रसारणको व्यवस्था मिलाउन सकिन्छ ।

**(ग) इ लर्निङ**

सिकारुले इन्टरनेट जडित आफ्नो मोबाइल, ल्यापटप, ट्याबलेट र सफ्टवेयर एप्लिकेसन आदिबाट सिकाइ सामग्री खोजी गरी अध्ययन गर्न सक्छन् । यसका लागि इन्टरनेटको प्रयोगबाट सिकाइ सामग्री खोज्ने तौरतरिका र स्रोत बारेमा जानकारी हुनु आवश्यक छ । सङ्घ, प्रदेश तथा स्थानीय तहबाट इ सिकाइ सामग्रीको विकास गरी प्रयोगमा सहजता प्रदान गर्न सकिने छ ।

(घ) **अवलोकन**

सिकारुले विभिन्न घटना, अवस्था, कार्य, परिदृश्य आदिको अवलोकनबाट सिकाइ गर्छन् । अवलोकनबाट हुने सिकाइलाई व्यवस्थित बनाउने तौरतरिकाका विषयमा सिकारुलाई जानकारी हासिल गर्ने अवसर प्रदान गर्नुपर्छ । यसका लागि स्थानीय तहमा रहेका विभिन्न क्षेत्र, घटना, पेसा, व्यवसाय, संस्कृति, मेला आदिको अवलोकन गर्नुपर्छ ।

**(ङ) घटना अध्ययन तथा अनुभव आदान प्रदान**

सिकारुले समाजमा घटेका घटना (जस्तैः पर्व उत्सव, विपत्, महामारी, तथा व्यक्तिगत घटनाहरू) को अध्ययन गरी अनुभव आदान प्रदानबाट नवीनतम ज्ञान

,

तथा सिप सिकेका हुन्छन् । परिवारका सदस्य, छिमेकी, विज्ञ, र स्रोत व्यक्तिबाट प्रत्यक्षरूपमा र विभिन्न बैठकमा सहभागी भई पनि सिक्न सक्छन् ।

**(च) सिर्जनात्मक अभ्यास**

अनौपचारिक शिक्षामा सिकारुले सिर्जनात्मक अभ्यासमा सरिक हुनुपर्छ । पेन्टिङ, कागजको काम, फूलबारी बनाउने, काठमा बुट्टा हान्ने, चित्रकला, मूर्तिकला आदि सिकाइका लागि उपयुक्त सिर्जनात्मक कार्यकलाप हुन सक्छन् ।

**(छ) सामाजिक वहस तथा अन्तर्क्रिया**

अनौपचारिक शिक्षामा सिकारु विभिन्न सामाजिक कार्यकलापहरूमा सहभागी भई सिकाइ गर्न सक्छन् । यस क्रममा सिकारूले आफ्नो समुदायमा हुने विभिन्न बहस तथा अन्तर्क्रियामा सहभागी हुनुपर्छ ।

**(ज) अनुभव**

सिकारुको जीवनबाट महत्त्वपूर्ण सिकाइ हुन्छ । जीवनमा प्रत्यक्ष रूपमा घटेका घटना, दैनिक कार्य र गरेका अनुभवलाई आधार बनाएर सिकाइ हुन्छ । यसबाट थप सिक्न अत्यावश्यक क्षेत्र पनि पहिचान हुन्छ । यसैका आधारमा भावी जीवनका लागि आवश्यक पर्ने सिकाइका क्षेत्र पहिचान गर्न तथा आवश्यक सहजीकरणको वातावरण सिर्जना गर्न सकिन्छ । दृष्टिबिहीनले ब्रेललिपिमा, बहिराले साङ्केतिक भाषामा, बहुअपाङ्गता हुनेले अवस्था र उपलब्ध अवसरका आधारमा सिकिरहेका हुन्छन् । उनीहरूका लागि भिन्न भिन्न वातवारणमा कार्यकलाप गराई सक्रिय हुने अवसर प्रदान गर्नुपर्छ ।

**(झ) तालिम, कार्यशाला तथा प्रशिक्षण**

सिकारुले विभिन्न तालिम, कार्यशाला तथा प्रशिक्षणमा सहभागी भई ज्ञान तथा सिप हासिल गर्छन् । त्यस्ता ज्ञान तथा सिप जीवनोपयोगी तथा व्यवहारोपयोगी हुन्छन् । अनौपचारिक तथा आजीवन सिकाइका सिकारूले यस्ता तालिम, कार्यशाला तथा प्रशिक्षणमा सक्रियरूपमा सहभागी भई ज्ञान, सिप अभिवृद्धि गर्नुपर्छ ।

,

**(ञ) प्रत्यक्ष सत्र सञ्चालन**

अनौपचारिक तथा वैकल्पिक शिक्षामा सिकारुले आफ्नो आवश्यकताअनुरूप सिकाइ गर्नका लागि प्रत्यक्ष सत्रमा सहभागी भई सिक्न सक्छन् । सहभागीको आवश्कतालाई ध्यानमा राखी सामुदायिक सिकाइ केन्द्र तथा अन्य सरकारी / गैरसरकारी सङ्घसंस्थाले प्रत्यक्ष सत्र सञ्चालन गर्न सक्छन् ।

## २.८ मूल्याङ्कन

सामान्यत सिकारुको मूल्याङ्कन वैयक्तिक अवस्था र लचिलो पद्धतिमा आधारित हुने छ । मूल्याकन पद्धतिमा समेत विविधता अपनाइने छ । सिकाइ सहजीकरणका लागि निर्दिष्ट गरेका सिकाइ ढाँचा कार्य अनुभवका अधारमा प्राप्त ज्ञान, सिप, व्यवहार एवम् आचरणमा प्रदर्शित हुने कलाकौशल तथा नियमितता एवम् व्यवहारलगायतका विषयहरू मूल्याकनका जीवन्त आधार हुन् । अनौपचारिक सिकाइको मूल्याङ्कन सामग्री, काम आदिमा आधारित भई गर्न सकिन्छ । यसका लागि लिखित, मौखिक, अवलोकन, अडियो क्लिपिङ, भिडियो क्लिपिङ, सामुदायिक कार्य, सिप प्रस्तुतीकरणलगायतका अन्य सूचकलाई मूल्याङ्कनको आधार बनाइने छ ।

सिकारुको मूल्याङ्कन गर्दा सम्बन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सकिने छ । सिकारुले एकैपटक वा पटक पटक गरी सिकाइ सक्षमताको मूल्याङ्कन गराउन सक्ने छ । एकपटक मूल्याङ्कन गराई सिकाइ प्रवीणता प्राप्त गरेका सिकाइ सक्षमताको पुनः मूल्याङ्कन गर्नुपर्ने छैन । सिकारुले आफूले विकास गरेका सिकाइ सक्षमतामा पाप्त सिकाइ उपलब्धिको पारगम्य स्तरलाई सिकाइ सञ्चय (Credit Banking) गर्न सक्ने छ । सिकारुले सबै सक्षमतामा प्रवीणता प्राप्त गरेपछि सिकाइ

,

अभिलेखका आधारमा प्रमाणपत्र दिइने छ । सिकारुको मूल्याङ्कनका लागि विभिन्न आधार लिइएको छ । यसमा सक्षमता प्राप्तिका लागि मूल्याङ्कन विधि, प्रक्रिया, तरिका तथा साधनको प्रयोग तथा नतिजाको अभिलेखीकरणसम्बन्धी तरिका विषय क्षेत्रगतरूपमा समावेश गरिएको छ ।

**(क) सक्षमता मूल्याङ्कन गर्ने तरिका**

(१) प्रत्येक सिकारुले प्रत्येक विषयक्षेत्रका सिकाइ उपलब्धिमा के कति उपलब्धि हासिल गरे भनी मूल्याङ्कनका उपयुक्त साधन प्रयोग गरी परीक्षण गरेर यकिन गर्नुपर्छ ।

(२) सिकारुको उपलब्धिस्तरलाई तलको तालिकाअनुसार १ देखि ४ स्तरमा रेटिङ गरी विषय क्षेत्रअनुसारको सिकाइ उपलब्धिको अभिलेख राख्नुपर्छ ।

ख) सिकारुको उपलब्धिस्तर र त्यसको व्याख्या

| **उपलब्धिस्तर** | **मापन** | **उपलब्धिस्तरको व्याख्या** |
|---|---|---|
| अति सामान्य (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएका |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| प्रवीण (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेका |

,

कुनै तहका सक्षमता पूरा गर्न त्यस सक्षमतासँग सम्बन्धित सिकाइ उपलब्धिको एकै पटक वा पटक पटक मूल्याङ्कन गर्न सकिन्छ । उपलब्धि स्तर ३ प्राप्त गरेपछि मात्र त्यसको अभिलेखीकरण गरिने छ । पारगम्यता प्राप्तिका लागि निर्धारित सक्षमतासँग सम्बन्धित सिकाइ उपलब्धिमा न्यूनतम प्रवीण (सिकाइ उपलब्धिस्तर ३) स्तर हासिल गर्नुपर्ने छ । सक्षमता मूल्याङ्कनका लागि विषयक्षेत्रगत आधारको नमुना दिइएको छ ।

तहगतरूपमा सिकाइ क्षेत्र र सिकाइ उपलब्धिको मूल्याङ्कनका आधार देहाय बमोजिम रहेका छन् ।

**सिकाइ क्षेत्रः भाषा र सञ्चार**

**तह १**

| क्र.स. | सिकाइ उपलब्धि एवम् मूल्याङ्कनका आधार |
|---|---|
| १ | अङ्ग्रेजी भाषाका साधारण शब्द पढी तिनको अर्थ बताउन<br>• घरमा प्रयोग हुने अङ्ग्रेजी भाषाका कम्तीमा १० ओटा साधारण शब्द पढेमा १<br>• घरायसी वातावरणमा प्रयोग हुने अङ्ग्रेजी भाषाका कम्तीमा १० ओटा साधारण शब्द पढी तिनको अर्थ बताएमा २<br>• जुनसुकै परिवेशमा प्रयोग हुने अङ्ग्रेजी भाषाका कम्तीमा १० ओटा साधारण शब्द पढेमा ३<br>• जुनसुकै परिवेशमा प्रयोग हुने अङ्ग्रेजी भाषाका कम्तीमा १० ओटा साधारण शब्द पढी तिनको अर्थ बताएमा ४ |
| २ | अङ्ग्रेजी भाषाका सबै अक्षर, अङ्क र दैनिक व्यवहारमा प्रयोग हुने साधारण शब्दहरू पढ्न, लेख्न र अर्थ बताउन |

,

| | |
|---|---|
| | • अङ्ग्रेजी भाषाका सबै अक्षर र अङ्क पढेर लेखेमा १<br>• अङ्ग्रेजी भाषाका दैनिक व्यवहारमा प्रयोग हुने कम्तीमा १० ओटा साधारण शब्द लेखेर पढेमा २<br>• अङ्ग्रेजी भाषाका दैनिक व्यवहारमा प्रयोग हुने कम्तीमा १० ओटा साधारण शब्द पढेर अर्थ बताएमा ३<br>• अङ्ग्रेजी भाषाका दैनिक व्यवहारमा प्रयोग हुने कम्तीमा १० ओटा साधारण शब्द पढेर अर्थ लेखेमा ४ |
| ३ | हाउभाउ, शब्दरहित इसारा वा ध्वनि, शारीरिक अङ्गको चलाइ आदिको सङ्केतमा प्रतिक्रिया दिन<br>• हाउभाउ, शब्दरहित इसारा वा ध्वनिमा आफ्ना विचारको सङ्केत गरेमा १<br>• हाउभाउ, शब्दरहित इसारा वा ध्वनिसहित शारीरिक अङ्ग चलाएर आफ्ना विचारको सङ्केत गरेमा २<br>• हाउभाउ, शब्दरहित इसारा वा ध्वनिसहित सङ्केतमा प्रतिक्रिया दिएमा ३<br>• हाउभाउ, शब्दरहित इसारा वा ध्वनिसहित शारीरिक अङ्गको चलाएर सङ्केतमा प्रतिक्रिया दिएमा ४ |
| ४ | आफ्ना विचार प्रस्ट एवम् स्वाभाविक गतिमा बताउन<br>• आफ्ना विचार बताएमा १<br>• आफ्ना विचार प्रस्ट सँग बताएमा २<br>• आफ्ना विचार अप्रस्ट भए पनि स्वाभाविक गतिमा बताएमा ३<br>• आफ्ना विचार प्रस्ट एवम् स्वाभाविक गतिमा बताएमा ४ |
| ५ | सरल वाक्य तथा छोटा अनुच्छेद शुद्धसँग उपयुक्त गतिमा पढ्न र अर्थ बताउन<br>• सरल वाक्य शुद्धसँग उपयुक्त गतिमा पढेमा १<br>• सरल वाक्य शुद्धसँग उपयुक्त गतिमा पढी अर्थ बताएमा २<br>• छोटा अनुच्छेद शुद्धसँग उपयुक्त गतिमा पढेमा ३ |

,

| | |
|---|---|
| | • छोटा अनुच्छेद शुद्धसँग उपयुक्त गतिमा पढी अर्थ बताएमा ४ |
| ६ | आफ्ना विचार सरल वाक्यमा लेखी व्यक्त गर्न<br>• व्याकरणको ख्याल नगरी आफ्ना विचार सरल वाक्यमा लेखेमा १<br>• व्याकरणको ख्याल गरी आफ्ना विचार सरल वाक्यमा लेखेमा २<br>• व्याकरणको ख्याल नगरी आफ्ना विचार सरल वाक्यमा लेखेर व्यक्त गरेमा ३<br>• व्याकरणको ख्याल गरी आफ्ना विचार सरल वाक्यमा लेखेर व्यक्त गरेमा ४ |
| ७ | अङ्ग्रेजी भाषाको प्रयोग गरी अभिवादन गर्न, सम्बोधन गर्न, परिचय दिन र प्रतिक्रिया जनाउन<br>• अङ्ग्रेजी भाषाको प्रयोग गरिएको अभिवादन, सम्बोधन बुझेमा १<br>• अङ्ग्रेजी भाषाको प्रयोग गरिएको अभिवादन वा सम्बोधन बुझेर प्रतिक्रिया जनाएमा २<br>• अङ्ग्रेजी भाषाको प्रयोग गरी आफ्नो परिचय दिएमा ३<br>• अङ्ग्रेजी भाषाको प्रयोग गरी अभिवादन, सम्बोधन र परिचय गरे गराएमा ४ |
| ८ | मातृभाषाको प्रयोग गरी अभिवादन गर्न, सम्बोधन गर्न, परिचय दिन र प्रतिक्रिया दिन<br>• मातृभाषाको प्रयोग गरी अभिवादन गरेमा १<br>• मातृभाषाको प्रयोग गरी अभिवादन र सम्बोधन गरेमा २<br>• मातृभाषाको प्रयोग गरी अभिवादन र सम्बोधन गरी परिचय दिएमा ३<br>• मातृभाषामा गरिएको अभिवादन र सम्बोधन बुझी प्रतिक्रिया दिएमा ४ |

,

**तह १ व्यावहारिक समस्या समाधान**

| क्र.स. | सिकाइ उपलब्धि एवम् मूल्याङ्कनका आधार |
|---|---|
| १ | घरायसी व्यवहारमा आएका सरसामान, भौतिक संरचना वा स्थान (फर्निचर, कापी, किताब, जग्गा, पर्खाल, भित्ता आदि) को सतहका आकार एवम् कुनाहरूको पहिचान गरी तुलना गर्न<br>• केही मात्र आकार पहिचान गरेमा १<br>• चित्रबाट सबै आकार पहिचान गरेमा २<br>• वस्तुको सतह हेरी आकार पहिचान गरेमा ३<br>• त्रिआयामिक बस्तुका सतह र वस्तु पहिचान गरेमा ४ |
| २ | सरसामान, वस्तु, नगद आदिको गन्ती गरी लेख्न<br>• सरसामान र वस्तुको गन्ती गरेमा १<br>• सरसामान, वस्तु र नगदको गन्ती गरेमा २<br>• सरसामान र वस्तुको गन्ती गरी लेखेमा ३<br>• तोकिएका सरसामान, वस्तु, नगदको गन्ती गरी लेखेमा ४ |
| ३ | गणितका आधारभूत क्रिया प्रयोग गरी दैनिक सरल व्यावहारिक समस्या हल गर्न<br>• हातलागी नआउने जोड गर्न सकेमा १<br>• हात लागि नआउने जोड र सापटि लिनुनपर्ने घटाउ दुवै गर्न सकेमा २<br>• सामान्य व्यावहारिक सरल जोड , घटाउ र गुणन गर्न सकेमा ३<br>• गणितका आधारभूत क्रिया प्रयोग गरी दैनिक सरल व्यावहारिक समस्या हल गर्न सकेमा ४ |

,

| | |
|---|---|
| ४ | समय र नापतौलको अन्दाज गर्ने, नाप्ने र एकआपसमा रूपान्तरण गर्न<br>• समय र नापतौलको अन्दाज गर्न सकेमा १<br>• समय र नापतौलको अन्दाज गरी नापेर पुष्टि गर्न सकेमा २<br>• समय र नापतौलका एकाइमध्ये ठुलो एकाइलाई सानो एकाइमा रूपान्तरण गर्न सकेमा ३<br>• समय र नापतौलका एकाइलाई एकआपसमा रूपान्तरण गर्न सकेमा ४ |

,

## तह १ हाम्रो परिवेश र नागरिक चेतना

| | सिकाइ उपलब्धि एवम् मूल्याङ्कनका आधार |
|---|---|
| १ | आफ्ना छरछिमेकीको सहभागितामा राजनीतिक, सामुदायिक-सामाजिक स्रोत र मौसमी नक्सा बनाउन<br>• आफ्नो गाउँपालिका वा नगरपालिकाको राजनीतिक नक्सा बनाएमा १<br>• आफ्नो वडाको नक्सा बनाई सामुदायिक (विद्यालय, मन्दिर आदि) र सामाजिक (बस्ती आदि) स्रोत देखाएमा २<br>• आफ्नो वडाको नक्सा बनाई ओसिलो, पारिलो, धेरै वर्षा हुने, कम वर्षा हुने आदि अवस्था देखाएमा ३<br>• आफ्नो वडाको नक्सा बनाई राजनीतिक, सामुदायिक-सामाजिक स्रोत र मौसमी अवस्था देखाएमा ४ |
| २ | सामाजिक स्रोत नक्साको प्रयोग गरी प्राकृतिक स्रोत एवम् सेवाको समानुपातिक वितरणको अवस्था पहिचान गर्न<br>• वडाको नक्सा हेरी वडाका प्राकृतिक स्रोतको पहिचान गरेमा १<br>• वडाको नक्सा हेरी वडामा प्राप्त सेवाको पहिचान गरेमा २<br>• वडाको नक्सा हेरी वडाको प्राकृतिक स्रोत एवम् सेवाको समानुपातिक वितरण भएनभएको बताएमा ३<br>• वडाको नक्सा हेरी वडामा प्राकृतिक स्रोत एवम् सेवाको समानुपातिक वितरणका उपाय सुझाएमा ४ |
| ३ | स्थानीय तहमा उपलब्ध स्रोतसाधन, हावापानी तथा भूपरिवेशको लेखाजोखा गरी आर्थिक सम्भावना पहिचान गर्न<br>• आफ्नो स्थानीय तहमा उपलब्ध स्रोतसाधनको सूची बनाएमा १ |

,

| | |
|---|---|
| | • आफ्नो स्थानीय तहमा उपलब्ध स्रोतसाधन, हावापानी तथा भूपरिवेशको वर्णन गरेमा २<br>• आफ्ना स्थानीय तहमा उपलब्ध स्रोतसाधन, हावापानी तथा भूपरिवेशको आधारमा आर्थिक सम्भावना पहिचान गरेमा ३<br>• आफ्ना स्थानीय तहमा उपलब्ध स्रोतसाधन, हावापानी तथा भूपरिवेशको आधारमा आर्थिक सम्भावनाहरू पहिचान गरी बढी आर्थिक फाइदा हुने क्षेत्र सुझाएमा ४ |
| ४ | स्थानीय तहको शासकीय संरचना, कार्य प्रणाली, संविधानले प्रदान गरेको अधिकार र सेवा सुविधाको व्यवस्था अभिव्यक्त गर्न<br>• स्थानीय तहको शासकीय संरचना (गठन र पदाधिकारी) बताई प्रश्नोत्तर गरेमा १<br>• स्थानीय तहले विकास निर्माण र न्याय सम्पादन गर्दा अपनाउने कार्य प्रणाली बताई प्रश्नोत्तर गरेमा २<br>• स्थानीय तहलाई संविधानले प्रदान गरेका मुख्य पाँच अधिकार बताई तिनबाट प्राप्त सेवासुविधा बताएमा ३<br>• स्थानीय तहको शासकीय संरचना, कार्य प्रणाली, संविधानले प्रदान गरेको अधिकार र सेवा सुविधाको व्यवस्था अभिव्यक्त गरेमा ४ |
| ५ | छरछिमेकको सहभागितामा निर्मित सामाजिक तथा स्रोत नक्सामा किटान भएका ऐतिहासिक र सांस्कृतिक सम्पदा एवम् प्राकृतिक स्रोत-साधनको अवस्था र समस्या अभिव्यक्त गर्न<br>• वडाको सामाजिक तथा स्रोत नक्सामा आफ्नो वडाका ऐतिहासिक र सांस्कृतिक सम्पदाको पहिचान गरेमा १ |

,

| | |
|---|---|
| | • वडाको सामाजिक तथा स्रोत नक्सामा आफ्नो वडाको प्राकृतिक स्रोत-साधनको अवस्था पहिचान गरेमा २<br>• वडाको सामाजिक तथा स्रोत नक्सामा किटान भएका ऐतिहासिक र सांस्कृतिक सम्पदा एवम् प्राकृतिक स्रोत-साधनको अवस्था र तिनको समस्या अभिव्यक्त गरेमा ३<br>• वडाको सामाजिक तथा स्रोत नक्सामा किटान भएका ऐतिहासिक र सांस्कृतिक सम्पदा एवम् प्राकृतिक स्रोत-साधनको अवस्था र तिनको समस्या अभिव्यक्त गरी समाधानका उपाय सुझाएमा ४ |
| ६ | स्थानीय तहमा उल्लेखनीय योगदान पुर्‍याएका ऐतिहासिक व्यक्तित्व र घटना उल्लेख गर्न<br>• आफ्नो स्थानीय तहमा उल्लेखनीय योगदान पुर्‍याएका ऐतिहासिक व्यक्तित्वको नामको सूची बनाएमा १<br>• आफ्नो स्थानीय तहमा उल्लेखनीय योगदान पुर्‍याएका ऐतिहासिक व्यक्तित्वको नामको सूची बनाई तिनको योगदान लेखेमा २<br>• आफ्नो स्थानीय तहका उल्लेखनीय घटना र तिनको प्रभाव उल्लेख गरेमा ३<br>• स्थानीय तहमा उल्लेखनीय योगदान पुर्‍याएका ऐतिहासिक व्यक्तित्व र घटना उल्लेख गरी तिनको योगदान तथा प्रभाव उल्लेख गरेमा ४ |
| ७ | हाम्रा राष्ट्रिय विभूतिहरूले राष्ट्र निर्माणमा पुर्‍याएको योगदानको उल्लेख गर्न<br>• हाम्रा राष्ट्रिय विभूतिहरूको सूची बनाएमा १<br>• हाम्रा राष्ट्रिय विभूतिको एक एक योगदान लेखेमा २<br>• हाम्रा राष्ट्रिय विभूतिले राष्ट्र निर्माणमा पुर्‍याएको एक एक योगदानको उल्लेख गरेमा ३ |

,

| | |
|---|---|
| | • हाम्रा राष्ट्रिय विभूतिले राष्ट्र निर्माणमा पुर्‍याएको योगदानबाट लिन सकिने प्रेरणा उल्लेख गरेमा ४ |
| ८ | महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिका आधारभूत मानव अधिकार उल्लेख गर्न<br>• महिलाका आधारभूत मानव अधिकार उल्लेख गरेमा १<br>• महिला र बालबालिकाका आधारभूत मानव अधिकार उल्लेख गरेमा २<br>• महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूका आधारभूत मानव अधिकार उल्लेख गरेमा ३<br>• महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूका आधारभूत मानव अधिकार उल्लेख गरी प्रश्नोत्तर तथा प्रतिक्रिया जनाएमा ४ |
| ९ | आफ्नो र छरछिमेकको पारिवारिक संरचना र सम्बन्धको समावेशी अवस्थाको पहिचान गर्न<br>• आफ्नो पारिवारिक संरचनाको रेखाचित्र बनाएमा १<br>• आफ्नो र छिमेकको पारिवारिक संरचनाको रेखाचित्र बनाई तुलना गरेमा २<br>• आफ्नो र छिमेकको पारिवारिक संरचना र सम्बन्धको समावेशी अवस्थाको पहिचान गरेमा ३<br>• आफ्नो र छिमेकको पारिवारिक संरचना र सम्बन्धको समावेशी अवस्थाको पहिचान गरी सबल र सुधारापेक्षी पक्ष सङ्केत गरेमा ४ |
| १० | समावेशी नीति र यसको कार्यान्वयनले पार्ने प्रभावको वर्णन गर्न<br>• समावेशी नीतिको परिचय दिएमा १<br>• समावेशी नीतिको कार्यान्वयनको आवश्यकता बताएमा २<br>• समावेशी नीति र यसको कार्यान्वयनले समाजमा पार्ने प्रभावको वर्णन गरेमा ३ |

,

| | |
|---|---|
| | • समावेशी नीति र यसको कार्यान्वयनले पार्ने प्रभावको वर्णन गरी समावेशी निति कार्यान्वयनका लागि गर्नुपर्ने पहल उल्लेख गरेमा ४ |
| ११ | आफ्ना परिवारका सदस्यहरूले गर्ने कामको विवरण तयार गरी त्यसले परिवारमा पुर्‍याएको योगदान बताउन<br>• आफ्ना परिवारका सदस्यहरूले गर्ने कामको विवरण तयार गरेमा १<br>• आफ्ना परिवारका सदस्यहरूले गर्ने काममध्ये सबैभन्दा महत्त्वपूर्ण काम पहिचान गरी कारण दिएमा २<br>• आफ्ना परिवारका सदस्यहरूले गर्ने कामको विवरण तयार गरी त्यसले परिवारमा पुर्‍याएको योगदान उल्लेख गरेमा ३<br>• आफ्ना परिवारका सदस्यहरूले गर्ने कामको विवरण तयार गरी त्यसले परिवारमा पुर्‍याएको योगदान बताई आफ्नो कामबाट बढी प्रतिफल प्राप्त गर्ने योजना बनाएमा ४ |
| १२ | पारिवारिक आम्दानीका उपाय पहिचान गरी त्यसको सार्थक उपयोगको बारेमा बताउन<br>• आफ्नो पारिवारिक आम्दानीका मुख्य पाँच उपाय पहिचान गरेमा १<br>• आफ्नो पारिवारिक आम्दानीका उपाय सरल तरिकाले प्रयोग गर्ने तरिका सुझाएमा २<br>• आफ्नो पारिवारिक आम्दानीका उपाय पहिचान गरी त्यसलाई बढी फाइदा हुने गरी उपयोग गर्ने उपाय बताएमा ३<br>• आफ्नो पारिवारिक आम्दानीका उपाय पहिचान गरी त्यसलाई बढी फाइदा हुने गरी उपयोग गर्ने उपाय बताई कार्ययोजना बनाएमा ४ |

,

| | |
|---|---|
| १३ | आफ्नो परिवार र छरछिमेकले अपनाएका पेसा वा व्यवसायहरू पहिचान, वर्गीकरण र सबल दुर्बल पक्षको विश्लेषण गर्न<br>• आफ्नो परिवारले अपनाएका पेसा वा व्यवसायहरू पहिचान र वर्गीकरण गरी सबलदुर्बल पक्ष उल्लेख गरेमा १<br>• आफ्नो छिमेकीले अपनाएका पेसा वा व्यवसायहरू पहिचान र वर्गीकरण गरी सबलदुर्बल पक्ष उल्लेख गरेमा २<br>• आफ्नो र छिमेकीले अपनाएका पेसा वा व्यवसायहरू पहिचान, वर्गीकरण र सबल दुर्बल पक्षको विश्लेषण गरेमा ३<br>• आफ्नो र छिमेकीले अपनाएका पेसा वा व्यवसायहरू पहिचान, वर्गीकरण र सबल दुर्बल पक्षको विश्लेषण गरी सबल पक्ष कार्यान्वयनको योजना बनाएमा ४ |
| १४ | उन्नत जीविकोपार्जनका सम्भाव्य व्यावसायिक वा पेसागत सिपको पहिचान गर्न<br>• उन्नत जीविकोपार्जनको परिचय दिएमा १<br>• स्थानीय तहका कुनै पाँच व्यावसायिक वा पेसागत सिपको पहिचान गरेमा २<br>• आफ्नो क्षेत्रमा उन्नत जीविकोपार्जनका सम्भाव्य व्यावसायिक वा पेसागत सिपको पहिचान गरेमा ३<br>• आफ्नो क्षेत्रमा उन्नत जीविकोपार्जनका लागि सम्भाव्य व्यावसायिक वा पेसागत सिपको पहिचान गरी सिप विकासको योजना बनाएमा तथा स्थानीय तहमा उपलब्ध वित्तिय सेवा प्रदाय सस्थाहरूको जानकारी गरेमा ४ |
| १५ | आफ्नो टोलछिमेक वा नजिकको बजारमा व्यक्तिगत वा व्यावसायिक प्रयोगमा रहेका विभिन्न आधुनिक विधि प्रविधिहरूको सूची तयार गरेर आफ्ना दैनिक |

,

| | |
|---|---|
| | व्यवहारमा तिनीहरूको उपयोगिता र सम्भव्यता लेखाजोखा गर्न<br>• आफ्नो टोलछिमेक वा नजिकको बजारमा व्यावसायिक प्रयोगमा रहेका कम्प्युटर, इन्टरनेट र सामाजिक सञ्जालको सूची तयार गरेमा १<br>• आफ्नो टोलछिमेक वा नजिकको बजारमा व्यावसायिक प्रयोगमा रहेका कम्प्युटर, इन्टरनेट र सामाजिक सञ्जालबाट आफ्ना दैनिक व्यवहारमा भएका पाँच फाइदा उल्लेख गरेमा २<br>• आफ्नो टोलछिमेक वा नजिकको बजारमा व्यावसायिक प्रयोगमा रहेका कम्प्युटर, इन्टरनेट र सामाजिक सञ्जालबाट आफ्ना दैनिक व्यवहारमा फाइदा हुन सकेमा थप सम्भावना उल्लेख गरेमा ३<br>• आफ्नो टोलछिमेक वा नजिकको बजारमा व्यावसायिक प्रयोगमा रहेका कम्प्युटर, इन्टरनेट र सामाजिक सञ्जालहरूबाट प्रभावित भई व्यवसाय सञ्चालन गरेमा ४ |
| १६ | स्थानीय वा प्रदेश स्तर वा राष्ट्रिय तहका सामाजिक आन्दोलनका अभियन्ता र सामाजिक न्यायको क्षेत्रमा उनीहरूले गरेका कार्य उल्लेख गर्न<br>• स्थानीय तहमा सामाजिक आन्दोलन गर्ने पाँच अभियन्ताको नाम बताई सामाजिक न्यायको क्षेत्रमा उनीहरूले गरेका कार्य उल्लेख गरेमा १<br>• आफ्नो स्थानीय तह र प्रदेश तहमा सामाजिक आन्दोलन गर्ने पाँच अभियन्ताको नाम बताई सामाजिक न्यायको क्षेत्रमा उनीहरूले गरेका कार्य उल्लेख गरेमा २<br>• आफ्नो स्थानीय तह र राष्ट्रिय तहमा सामाजिक आन्दोलन गर्ने पाँच अभियन्ता नाम बताई सामाजिक न्यायको क्षेत्रमा उनीहरूले गरेका कार्य उल्लेख गरेमा ३ |

,

| | |
|---|---|
| | • स्थानीय वा प्रदेश स्तर वा राष्ट्रिय तहका सामाजिक आन्दोलनका अभियन्ता र सामाजिक न्यायको क्षेत्रमा उनीहरूले गरेका कार्यबाट आफूले ग्रहण गरेको प्रेरणा उल्लेख गरेमा ४ |
| १७ | स्थानीय तहमा विगतमा अनुभव गरेका सामाजिक सद्भाव एवम् सहिष्णुता खलबल्याउने घटनाको समीक्षा गर्न<br>• स्थानीय तहमा विगतमा भएका सामाजिक सद्भाव खलबल्याउने घटनाको सूची बनाएमा १<br>• स्थानीय तहमा विगतमा अनुभव गरेका सामाजिक सद्भाव एवम् सहिष्णुतासम्बन्धी व्यवहारको सूची बनाएमा २<br>• स्थानीय तहमा विगतमा अनुभव गरेका सामाजिक सद्भाव एवम् सहिष्णुता खलबल्याउने घटनाको समीक्षा गरेमा ३<br>• स्थानीय तहमा विगतमा अनुभव गरेका सामाजिक सद्भाव एवम् सहिष्णुता खलबल्याउने घटनाको समीक्षा गरी सुधार गर्नुपर्ने पक्ष सङ्केत गरेमा ४ |
| १८ | विगतमा अनुभव गरेका सामाजिक सद्भाव एवम् सहिष्णुता खलबल्याउने घटनाहरू दोहोरिन नदिन अपनाउन सक्ने सावधानीका उपाय प्रस्तुत गर्न<br>• सामाजिक सद्भाव एवम् सहिष्णुता खलबल्याउने सम्भावित घटनाहरू उल्लेख गरेमा १<br>• सामाजिक सद्भाव एवम् सहिष्णुता खलबल्याउने घटनाहरू दोहोरिन नदिने उपाय प्रस्तुत गरेमा २<br>• सामाजिक सद्भाव एवम् सहिष्णुता खलबल्याउने घटनाहरू दोहोरिन नदिने सचेत रहेमा ३<br>• सामाजिक सद्भाव एवम् सहिष्णुता खलबल्याउने घटनाहरू दोहोरिन नदिन सचेत रही सचेत गराएमा ४ |

,

| | |
|---|---|
| १९ | कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास गर्न<br>• स्थानीय गीत तथा बाजाहरूको पहिचान,संरक्षण र सर्ंवर्धन गरेमा १<br>• स्थानीय बाजा बजाउने अभ्यास गरेमा २<br>• वाद्यवादनका साधनको प्रयोग गरी स्थनीय गीत गाएमा ३<br>• आफूले सिकेको गीतलाई बाजाको ताल र भाव मिलाई नृत्य गरेमा ४ |
| २० | स्वच्छ एवम् सन्तुलित भोजन, शारीरिक व्यायाम र योगाभ्यासका लाभ व्यक्त गर्न<br>• स्वच्छ एवम् सन्तुलित भोजन र शारीरिक व्यायमको परिचय दिएमा १<br>• स्वच्छ एवम् सन्तुलित भोजन र शारीरिक व्यायमको परिचयसहित लाभ बताएमा २<br>• स्वच्छ एवम् सन्तुलित भोजन, शारीरिक व्यायाम र योगाभ्यासको परिचय दिई लाभ बताएमा ३<br>• स्वच्छ एवम् सन्तुलित भोजन, शारीरिक व्यायाम र योगाभ्यासको परिचयसहित उदाहरण प्रस्तुत गरेमा ४ |
| २१ | स्वच्छ एवम् सन्तुलित भोजन, शारीरिक व्यायाम र योगाभ्यासका लाभ व्यक्त गर्न<br>• स्वच्छ एवम् सन्तुलित भोजन र शारीरिक व्यायमको परिचय दिएमा १<br>• स्वच्छ एवम् सन्तुलित भोजन र शारीरिक व्यायामको परिचयसहित लाभ बताएमा २<br>• स्वच्छ एवम् सन्तुलित भोजन, शारीरिक व्यायाम र योगाभ्यासको परिचय दिई लाभ बताएमा ३<br>• स्वच्छ एवम् सन्तुलित भोजन, शारीरिक व्यायाम र योगाभ्यासको परिचयसहित उदाहरण प्रस्तुत गरेमा ४ |

,

| | |
|---|---|
| २२ | आफू, परिवार र समुदायमा देखिएका, भोगिएका विभिन्न रोगका लक्षण, कारण र रोकथामका उपाय पहिचान गर्न<br>• आफू, परिवार र समुदायमा हुन वा देखिन सक्ने कुनै तीन रोगको नाम बताएमा १<br>• आफू, परिवार र समुदायमा भोगिएका, देखिएका र सम्भावित विभिन्न रोगका नाम र उल्लेख गरेमा २<br>• आफू, परिवार र समुदायमा भोगिएका, देखिएका र सम्भावित विभिन्न रोगका नाम, कारण, लक्षण र रोकथामका उपाय उल्लेख गरेमा ३<br>• आफू, परिवार र समुदायमा भोगिएका, देखिएका र सम्भावित विभिन्न रोगका नाम, कारण, लक्षण, बचाउ र निराकरणका उपाय उल्लेख गरेमा ४ |
| २३ | विपत् जोखिमका सम्भावना, त्यसको न्यूनीकरण र रोकथामका उपाय पहिचान गर्न<br>• विपत् र जोखिमको परिचय दिई सम्भावित विपत् र जोखिमका नाम बताएमा १<br>• आफ्नो क्षेत्रका सम्भावित विपत् र तिनका जोखिमको सामान्य जानकारी उल्लेख गरेमा २<br>• आफ्नो क्षेत्रका सम्भावित विपत् तथा जोखिम न्यूनीकरण र रोकथामका उपाय उल्लेख गरेमा ३<br>• आफ्नो क्षेत्रका सम्भावित विपत् तथा जोखिम न्यूनीकरण र रोकथामका उपाय पहिचान गरी त्यसमा सहभागिता जनाएमा ४ |

,

| | |
|---|---|
| २४ | सूचना तथा सञ्चार प्रविधिको सामान्य परिचय दिन<br>• सूचना तथा सञ्चार प्रविधिको सामान्य परिचय दिएमा १<br>• सूचना तथा सञ्चार प्रविधिको एक/एक उदाहरणसहित सामान्य परिचय दिएमा २<br>• सूचना तथा सञ्चार प्रविधिको सामान्य परिचय दिई त्यसको प्रयोग समेत बताएमा ३<br>• सूचना तथा सञ्चार प्रविधिको परिचय र उदारणसहित दैनिक जीवनमा आफूले गर्ने गरेको प्रयोग बताएमा ४ |
| २५ | टेलिफोन, मोबाइल र क्यालकुलेटर दैनिक व्यवहारमा प्रयोग गर्न<br>• दैनिक व्यवहारमा टेलिफोन वा मोबाइल प्रयोग गरी सञ्चार गरेमा १<br>• दैनिक व्यवहारमा मोबाइल प्रयोगरी सञ्चार गर्ने तथा क्यालकुलेटर प्रयोग गरी हिसाब गरेमा २<br>• मोबाइलमा फोन नम्बर रेकर्ड गरी त्यो नम्बरको प्रयोग गरी सञ्चार गरेमा ३<br>• क्यालकुलेटर वा मोबाइल प्रयोग गरी दिइएका गणितीय समस्या समाधान गरेमा गरेमा ४ |
